# बागमती गाउँपालिका
# मकवानपुर

दोस्रो गाउँसभा

नवौं अधिवेशनमा प्रस्तुत

आर्थिक वर्ष २०८३।०८४ को

वार्षिक, नीति तथा कार्यक्रम

मिति: २०८३/०३/०५ गते

बागमती गाउँपालिका, मकवानपुर

**सम्मानित गाउँसभाका सदस्यहरु,**

बागमती गाउँपालिकाको अध्यक्षको हैसियतले गरिमामय दोस्रो गाउँ सभालाई नवौं पटक सम्बोधन गर्न पाउँदा म हर्षित छु। यस गौरवपूर्ण अवसरमा म सर्वप्रथम नेपाली जनताको स्वतन्त्रता, नागरिक सर्वोच्चता, लोकतन्त्रको स्थापना, मुलुकको समृद्धि अमनचैन प्राप्ति तथा अग्रगमनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन र मधेस आन्दोलन लगायतका बलिदानीपूर्ण सङ्घर्षमा आफ्नो अमूल्य जीवनको प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात वीर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते र वेपत्ता योद्दाहरुप्रति सम्मान प्रकट गर्दछु। साथै, मुलुकमा राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरु सहित सम्पूर्ण नेपाली जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

इतिहासका विभिन्न कालखण्डहरुमा नेपालमा विविध प्रकृतिका शासन प्रणालीको अभ्यास भयो। जसमा एकात्मक केन्द्रीकृत राज्य प्रणालीको राजतन्त्रात्मक व्यवस्था, राणा शासन, पञ्चायती शासन, बहुदलीय व्यवस्था हुँदै आज नेपाली जनताले परिवर्तनका लागि गरेको त्याग, बलिदान र जनआन्दोलनको उपजको रुपमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्क शासन प्रणालीको अभ्यास भएको विद्यमान अवस्थामा समावेशी र समाजिक न्याय सहितको संविधान, संविधान सभाबाट जारी भइ समुन्नत नेपाल निर्माणका लागि तीन तहको सङ्घीय शासन प्रणाली अन्तर्गत सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार मार्फत सङ्घीयताको प्रभावकारी कार्यान्वयन भएको छ। सिँहदरबारको अधिकार घरघरमा पुर्याउनको लागि स्थानीय तहको स्थापना भइ ७५३ वटा स्थानीय तहहरु मध्ये बागमती गाउँपालिकाको हकमा पनि बागमती गाउँपालिका सरकार सञ्चालन गर्न अमूल्य सल्लाह, सुझाव, साथ, सहयोग एवं सद्भाव व्यक्त गर्नु हुने आम बागमतीबासी नागरिक, राजनीतिक दल, सरोकारवाला सबैमा हृदयदेखि नै आभार व्यक्त गर्दछु।

विश्वव्यापी रुपमा झेल्नु परेको आर्थिक संकटजन्य विषम् परिस्थितिमा नागरिकको जीवनयापन सहज वनाउँदै गाउँपालिकाको वृहत्तर हितको लागि गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमामय दोस्रो गाउँसभाको नवौं अधिवेशनमा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु। विश्वव्यापी आर्थिक संकट एवं मन्दीको प्रभावबाट प्रभावित देशको अर्थतन्त्रमा परेको नकारात्मक असरलाई केही हदसम्म न्यूनीकरण गर्न बागमती गाउँपालिकाको बार्षिक नीति, कार्यक्रमले सहयोग पुर्याउनेछ भन्ने अपेक्षा लिएको छु।

संविधान कार्यान्वयनको क्रममा स्थानीय सरकार गठन पश्चात् पहिलो कार्यकालको ५ बर्ष र नयाँ निर्वाचित जनप्रतिनिधिहरुको पछिल्लो ४ बर्ष गरी स्थानीय तह मार्फत शासन प्रणालीको अभ्यास भएको ९ वर्षमा भूकम्प, कोभिड-१९, विभिन्न किसमका प्राकृतिक एवं मानवीय प्रकोप, भाद्र २३ र २४ गते जेन जी युवा पुस्ताले गरेको आन्दोलन, विश्वव्यापी आर्थिक संकट लगायतका विविध कारणले नेपालको अर्थतन्त्रमा पर्न गएको अनपेक्षित दबाब एवं चुनौतीका बाबजुत अर्थतन्त्रका विद्यमान समस्यालाई समाधान गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धि मार्फत आर्थिक वृद्धि हासिल गर्न एउटा स्थानीय सरकारको नाताले बागमती गाउँपालिका सरकारले पनि उल्लेखनीय भूमिका निर्वाह गर्नुपर्ने हुन्छ, त्यसप्रति बागमती गाउँपालिका सरकार प्रतिबद्ध छ।

बागमती गाउँपालिका सरकार गठनको समयमा भएको नीतिगत प्राथमिकता र न्यूनतम साझा प्रतिबद्धतालाई केन्द्रमा राखी बागमती गाउँपालिकाको रुपान्तरणको लागि आर्थिक समृद्धि र समतामूलक समाज निर्माण गरी ***"समृद्ध बागमतीः खुशी बागमती बासी"*** को आधार तयार गर्न यो सरकार दृढ सङ्कल्पित छ।

अर्थतन्त्रको पुनरुत्थान, राज्यका सबै तहमा सुशासनको प्रत्याभूति, विकास निर्माण कार्यमा तीव्रता, सेवा प्रवाहमा सरलीकरण, सामाजिक न्यायको प्रवर्द्धन गर्ने उद्देश्यले गाउँपालिका आफ्नो भूमिकामा अगाडि बढ्छ र आफ्ना सीमितताको बाबजुत

उपलब्ध स्रोत साधनको अधिकतम परिचालन मार्फत बागमती गाउँबासीको आकाङ्क्षा पूरा गर्न बागमती गाउँपालिका सरकारले आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममा निम्न विषयलाई जोड दिएको छ।

क) सार्वजनिक खर्चमा मितव्ययिता, पुँजीगत खर्च वृद्धि, गुणस्तरीय पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, उत्पादन वृद्धि र रोजगारी सिर्जना, पर्यावरणीय सन्तुलन, आर्थिक-सामाजिक विभेदको अन्त्य, गरिबी निवारण, समावेशी एवं दिगो विकास तथा सुशासन, सामाजिक न्याय र समृद्धिको केन्द्रीय कार्यभार पूरा गर्नु बागमती गाउँपालिका सरकारका प्रमुख नीतिगत प्राथमिकता हुनेछन्।

ख) गाउँपालिकाका हरेक विकासात्मक क्रियाकलापहरुलाई उत्पादन र रोजगारी सिर्जनामा आवद्ध गरी किसान, वेरोजगार नागरिक, मजदुर, पछाडि पारिएको वर्ग एवं समुदाय तथा अन्य लक्षित वर्गलाई विशेष प्राथमिकता दिई तदनुरूप स्रोत साधनको परिचालन गरिनेछ।

ग) तीन तहका सरकार बीच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त बमोजिम कार्यात्मक अन्तर सम्बन्ध सुदृढ गरी काममा रहेको दोहोरोपनाको अन्त्य गर्दै बुझाईमा एकरुपताका साथ तीनै तहका सरकारको अपनत्व कायम हुने गरी योजना तथा कार्यक्रमको प्राभावकारी कार्यान्वयन गरिनेछ।

घ) सार्वजनिक खर्चको विनियोजन तथा कार्यान्वयन क्षमतामा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्दै प्रशासनिक खर्चमा मितव्ययिता कायम गरिनेछ। आर्थिक प्रशासनलाई थप पारदर्शी, नतिजामुखी र सूचना प्रविधिमा आधारित बनाइनेछ।

ङ) आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास लगायतका विकासका क्षेत्रगत आधारहरुको सन्तुलित, समन्यायिक र समुचित तवरले कार्यक्रमहरु तय गरी कार्यान्वयनमा ल्याईनेछ।

च) प्रविधिमैत्री, व्यवहारिक एवं गुणस्तरीय शिक्षा, रोजगारी सिर्जना, सुलभ र पँहुचयोग्य स्वास्थ्य सेवा, युवाहरुलाई आर्थिक र सामाजिक रुपन्तरणका प्रमुख बाहकका रुपमा परिचालन गरी आम नागरिकहरुमा स्वयंसेवी र सदाचारी भावनाको विकास मार्फत सभ्य र सुसंस्कृत समाजको निर्माण गरिनेछ।

**गाउँसभाका सदस्यहरु**,

१. **"वन, पशुपालन, जल, शिक्षा र खेतीः सम्पन्न नागरिक, समृद्ध बागमती"** भन्ने दीर्घकालीन सोच हासिल गर्न आधुनिक कृषि प्रणालीको विकास गरी व्यावसायिक, उत्पादनमुखी कृषि तथा पशुपालनलाई प्रवर्द्धन गर्दै गाउँपालिकालाई खाद्यान्न, दुध र मासुमा आत्मनिर्भर बनाउन नवप्रवर्तनकारी एवं समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

२. कृषिको आधुनिकीकरण एवं गाउँपालिकाबाट प्रदान गरिने अनुदानको उपयोग, प्रभाव र परिणामलाई उत्पादन एवं उत्पादकत्व सँग आबद्ध गरी गरिबी निवारणमा टेवा पुऱ्याउने उद्देश्यका साथ कृषिमा यान्त्रीकरणलाई प्रोत्साहित गर्न लागत सहभागितामा आधारित आधुनिक कृषि यन्त्र उपकरण अनुदानमा विशेष जोड दिईनेछ।

३. आगामी आ.व.मा आर्थिक विकास, उद्यमशील विकास, व्यवसायीकरण, कृषि प्रवर्द्धन, सुलभ कर्जा प्रवाह, वीउ विजन व्यवस्थापन, वित्तीय संस्थाहरुसँग उत्पादन वृद्धिका लागि सहजीकरण, सिँचाइ संरचना निर्माण, कृषिमा प्राविधिक सहयोग, बजारीकरण, उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गर्ने कार्यक्रमलाई रणनीतिक तवरले निरन्तरता दिईनेछ। वित्तीय पहुँचबाट टाढा रहेका किसानहरुको लागि सरोकारवाला बैंक तथा वित्तीय संस्था सँग समन्वय गरी विना धितो सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन पहल गरिनेछ।

४. **"किसानको हातः सरकारको साथ"** भन्ने अभियानलाई साना, अर्ध-व्यावसायिक, निर्वाहमुखी, विपन्न, सीमान्तकृत, सेवाबाट वञ्चित भएका किसानहरुको जीविकोपार्जन सुधारसँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ। विपद्बाट कृषिमा

परेको असरको क्षति न्यूनीकरण तथा पुनर्स्थापना गर्न पीडित कृषक परिवारलाई राहत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

५. कृषकहरुले उत्पादन गरेको बस्तु एवं सेवाको व्यवस्थित बिक्री वितरण गर्न निर्माण भएको कृषि संकलन केन्द्रको क्षमता अभिवृद्धि गरी व्यवस्थित रुपमा संचालन गरिनेछ।

६. **"कृषि रुपान्तरणको आधारः प्रविधि र पूर्वाधार"** भन्ने अभियानका साथ कृषि उत्पादन अभिवृद्धि गर्न प्रविधि र भौतिक पूर्वाधार निर्माणमा निजी तथा सहकारी क्षेत्रलाई समेत लगानी गर्ने वातावरण तयार गरिनेछ।

७. कृषकले उत्पादन गरेको कृषि उपजलाई कृषि उपज संकलन केन्द्र मार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ। कृषि उपज संकलन केन्द्रलाई सुविधा सम्पन्न बनाई किसानको उत्पादनलाई बजारीकरणमा सहजीकरण गरिनेछ। गाउँपालिकामा आधुनिक शीत भण्डारण निर्माणको लागि सबै तहका सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

८. बागमतीका किसानले उत्पादन गरेको कृषि उपजको वजारीकरणका लागि यातायातको सहज पहुँच स्थापित गर्न गाउँपालिकाको कृषि एम्बुलेन्सलाई व्यवस्थित रुपमा संचालन गरिनेछ।

९. भूमिको बढ्दो खण्डीकरण र जग्गा बाँझो राख्ने प्रवृत्तिलाइ निरुत्साहित गर्दै आधुनिक प्रविधिको प्रयोग मार्फत उत्पादनलाई बढोत्तरी गर्दै खाद्य वालीको उत्पादकत्व अभिवृद्धि गरी गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाईनेछ।

१०. बागमती गाउँपालिकाको भौगोलिक अवस्थिति, हावापानी, सम्भाव्य उत्पादनका क्षेत्रहरु लगायत भौगोलिक विशिष्टताको आधारमा पकेट विकास कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ। कृषि क्षेत्रमा जलवायु र जमिनको उर्वरता अध्ययन गरी बालीहरुको पकेट क्षेत्र निर्धारण गरी सङ्घीय सरकार, बागमती प्रदेश सरकार र बागमती गाउँपालिकाको सहकार्यमा पकेट विकास कार्यक्रमको दिगोपना सहित प्रभावकारी कार्यान्वयन गरिनेछ।

११. उन्नत नश्लका पशु चौपायहरुबाट पशुजन्य उत्पादनमा बढोत्तरी ल्याउन कृत्रिम गर्भाधान मिसन कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ। कृषि तथा पशुपालनमा हुने जोखिम न्यूनीकरण गर्न बाली एवं पशु बीमा कार्यक्रमलाई सरोकारवालाहरुको समन्वय एवं सहकार्यमा प्रोत्साहित गरिनेछ। दुग्ध पदार्थको संकलन र बजारीकरणलाई व्यवस्थित गर्न स्थापना भएको दुग्ध संकलन केन्द्रहरुलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

१२. पशुहरुमा लाग्ने आन्तरिक तथा बाह्य परजिबी नियन्त्रणको लागि निःशुल्क प्रदान गरिने पशु औषधिको प्रयोगलाई आवश्कता र औचित्यताको आधारमा थप व्यवस्थित बनाइ नियमन गरी उपचारात्मक सेवालाई निरन्तरता दिईनेछ।

१३. पशुपंक्षीमा महामारी र आकस्मिक रोग नियन्त्रण, खोरेत लगायत महामारीजन्य संक्रामक रोगहरुको पहिचान, नियन्त्रण तथा रोकथामको लागि आधुनिक प्रविधिको प्रयोग गर्दै विशेष खोप अभियान कार्यक्रमहरु सञ्चालन गरिनेछ। खोरेत रोग नियन्त्रणका लागि आवश्यक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्दै सम्पूर्ण सरोकारवालाहरुको समन्वय र सहकार्यमा गाउँपालिकालाई खोरेत रोग मुक्त गाउँपालिका घोषणाका लागि आवश्यक पहल गरिनेछ।

१४. पशुपालनको लागि वर्षैभरी पोषणयुक्त सन्तुलित आहाराको व्यवस्था गर्न समुदाय एवं सहकारीमा आधारित उन्नत जातको घाँसेबाली खेतीलाई प्रोत्साहित गर्दै उपयुक्त पशु आहाराका लागि साइलेज फ्याक्ट्री निर्माण तथा दाना उद्योग स्थापना गरिनेछ।

१५. **"कृषिमा आत्मनिर्भर, उत्पादनमा वृद्धिः किसानको आत्मसम्मान मार्फत बागमतीको समृद्धि"** भन्ने मूल नाराका साथ कृषि कर्मलाई सम्मानित एवं आधारभूत रुपमा स्रोत साधनयुक्त बनाईनेछ।

१६. गाउँपालिका अन्तर्गतका किसानहरुलाई रासायनिक मल समयमै उपलब्ध गराउन पहल गरिनेछ। गाउँपालिका अन्तर्गतका किसानहरुलाई सरल, सहज एवं सर्वसुलभ ढंगबाट रासायनिक मल उपलब्ध गराउन गाउँपालिकामा सूचीकृत सहकारीहरु मार्फत सम्बन्धित निकायमा समन्वय गरिनेछ।

१७. बागमती गाउँपालिकाका किसानहरुलाई उपलब्ध गराईएको बीउपुँजी रकम कार्यविधि बमोजिम क्रमशः फिर्ता गराई लाभग्राही किसानहरुको दायरा बढाई पुनः किसानहरुकै हितका लागि बीउ पुँजी कार्यक्रमलाई विविधिकरण गर्दै परिष्कृत तवरले उत्पादन, व्यापार र बजारीकरणलाई समेत मध्यनजर गर्दै कार्यान्वयनमा ल्याईनेछ। बागमती गाउँपालिकालाई दुग्धजन्य तथा मासुजन्य पदार्थमा आत्मनिर्भर बनाइ निर्यात समेत गर्ने वातावरण बनाईनेछ।

१८. बागमती गाउँपालिकाको पशु पालनको अवस्था, सम्भावना, चुनौती र अवसरलाई मध्यनजर गर्दै पशु स्वास्थ्य संवेदनशीलतालाई समेत दृष्टिगत गरी प्रत्येक किसानको व्यावसायिक फार्म एवं घरघरमा गई पशु स्वास्थ्य सम्बन्धी चिकित्सा सेवा उपलब्ध गराईनेछ।

१९. रैथाने बाली, बीउ नस्ल र कृषि जैविक विविधताको संरक्षणलाई प्राथमिकता दिईनेछ। बागमती गाउँपालिकाको भूगोल, भौगोलिक अवस्थिति समेतलाई मध्यनजर गर्दै माटो सुहाउँदो हावापानी उपयुक्त स्थानमा सुन्तला खेती लगायत अमिलो जातको फलफूल समेत प्रवर्द्धन तथा कफी खेती प्रवर्द्धन कार्यक्रम एवं संरक्षित संरचनामा तरकारी तथा फलफूल खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ।

२०. बागमती गाउँपालिकाको कृषिमा उन्नत बीउको उपयोगलाई बढोत्तरी गर्दै कृषि उपजको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न उन्नत बीउ वितरकलाई प्रोत्साहन गर्दै धान र गहुँ खाद्यन्न बालीको उन्नत बीउ उपयोगमा अनुदान प्रदान गरिनेछ।

**गाउँसभाका सदस्यहरु**,

२१. लघु, साना एवं मझौला उद्योगको स्थापना र विकास गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। गाउँपालिका भित्र उद्यम विकासको माध्यमबाट कृषि क्षेत्रमा रहेको अर्धबेरोजगारीको समस्यालाई हल गरिनेछ। सोको लागि गाउँपालिका भित्रका युवायुवतीको लागि विविध सीपमुलक एवं रोजगारमुलक तालिम सञ्चालन गरिनेछ।

२२. लघु उद्यमीलाई सहभागिता, क्षमता र उद्यमशीलताको आधारमा अनुदान दिइनुका साथै लघु तथा घरेलु उद्योगहरु सञ्चालनमा सहजीकरण गरिनेछ। गाउँपालिका भित्र उत्पादित वन पैदावारबाट गाउँपालिका भित्र सञ्चालन हुने उद्योग तथा गाउँपालिकामा उपलब्ध कच्चा पदार्थको उपयोग गरी संचालन गर्ने उद्योगलाई विशेष प्राथमिकता दिइनेछ।

२३. लघु उद्यमीहरुलाई बैंकसँग समन्वय गराई सहुलियतपूर्ण कृषि कर्जा प्रवाहमा अझ प्रभावकारी रुपमा समन्वय गरी निरन्तरता दिइनेछ। वैदेशिक रोजगारीमा भइरहेको पलायनलाई निरुत्साहित गर्न स्थानीय स्तरमा नै रोजगारीको सिर्जना गर्न **"एक वडा एक उत्पादन"** कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ।

२४. दुग्धजन्य पदार्थको विविधिकरण मार्फत बजारीकरणमा विशेष जोड दिइ दुधको उत्पादनलाई बढोत्तरी गर्न उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ। बागमती गाउँपालिकाका किसानहरुले उत्पादन गरेका दुधको बजारको दिगोपना र सोको सुनिश्चिताको लागि निजी क्षेत्रसँग सहकार्य गरी बजारीकरणमा देखिन सक्ने सम्भावित जोखिम र समस्यालाई दिगो समाधान गर्न पहल गरिनेछ। दुग्धजन्य पदार्थमा आधारित उद्योग स्थापना र संचालनका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्दै सहजीकरण गरिनेछ।

२५. उद्यमीहरुलाई प्रविधि तथा बीउ पुँजी प्रदान गर्दा उद्यमीको तर्फबाट लागत सहभागिता अनिवार्य गरिनेछ। बागमती गाउँपालिकाका महिलाहरुको उद्यमशीलतामा अभिवृद्धि गर्दै महिला कृषकहरुलाई तालिम र प्रविधि हस्तान्तरण गर्ने कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ।

२६. बागमती गाउँपालिकाको स्थानीय आर्थिक विकासमा संस्थागत रुपमा महिलाहरुको हस्तक्षेपकारी भूमिकालाई प्रवर्द्धन गर्न महिला कृषि सहकारी संस्थाको क्षमता विकास गर्दै आवश्यक सहजीकरण गरिनेछ।

२७. बागमती गाउँपालिका अन्तर्गतका विभिन्न प्रकृतिका सहकारीको तथ्याङ्क अभिलेखीकरण, क्षमता विकास, प्रवर्द्धन, नियमन र नियन्त्रण गर्दै बागमती गाउँपालिकाको विकास र समृद्धिमा सहकार्य एवं साझेदारी गरिनेछ।

२८. बागमती गाउँपालिका वडा नं. ०५ कोइराला दमारमा औद्योगिकग्राम स्थापनाका लागि सङ्घीय सरकार र बागमती प्रदेश सरकारसँग समन्वय गरी आवश्यक पहल गरिनेछ।

२९. बागमती गाउँपालिकाको नागरिकहरुमा वित्तीय संस्थाहरुको पहुँचलाई अभिवृद्धि गरी वित्तीय सेवा सुलभ रुपमा उपलब्ध हुने अवस्थाको सिर्जना गराउन हाल बागमतीमा कार्यक्षेत्र रहेका वित्तीय संघ-संस्थाहरु पर्याप्त नभएको हुँदा अन्य वित्तीय संघ-संस्थाहरुलाई बागमतीमा आकर्षित गरिनेछ।

३०. स्थानीय तहमा उत्पादन हुने कच्चा पदार्थ प्रयोग गरेर वस्तु उत्पादन गर्ने लघु तथा घरेलु उद्योग स्थापना गर्न प्रोत्साहित गर्दै आवश्यक सहजीकरण गरिनेछ। नवीन प्रविधिको विकास र निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न स्थानीय लाभका क्षेत्रहरु पहिचान गरिनेछ।

३१. उपभोक्ता हित संरक्षण सँग सम्बन्धित संयन्त्रहरुको प्रभावकारी परिचालन गरिनेछ। कालोबजारी, सिन्डिकेट, कार्टेलिङ आदि नियन्त्रण गरी बजारलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्तामैत्री बनाइनेछ। खाद्य सामग्रीको गुणस्तर परीक्षण, सुर्तीजन्य पदार्थको नियमनका साथै नियमित बजार अनुगमनलाई प्रभावकारी बनाईनेछ।

३२. ग्रामीण अर्थतन्त्र सुधार गर्न स्थानीय क्षेत्रको आर्थिक विकासका सम्भाव्यता अध्ययन गरी विकासमा साझेदारी कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

**गाउँसभाका सदस्यहरु**,

३३. देशमा विद्यमान बेरोजगारी दर कम गर्न बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागि आवेदन आह्वान गरी रोजगार सेवा केन्द्रमा सूचीकृत गरिनेछ।

३४. बागमती गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार युवाहरुलाई राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत न्यूनतम एक सय दिनको रोजगारीको प्रत्याभूति गराईनेछ।

३५. गाउँपालिकाको सम्भावित रोजगारीको क्षेत्रहरुको पहिचान गरी रोजगारीको सिर्जना गर्न सरोकारवालाहरुको समन्वयमा बागमती गाउँपालिकाको रोजगार रणनीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ।

३६. सङ्घ तथा प्रदेश सरकारले ल्याएका रोजगारमूलक कार्यक्रममा समन्वय र सहकार्य गरी रोजगारीका अवसरका क्षेत्रहरुको विस्तार गरिनेछ।

३७. नेपालको अर्थतन्त्रको प्रमुख आधार रेमिट्यान्सको मुख्य स्रोत बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित एवं व्यवस्थित बनाउन समुदायस्तरमा सुरक्षित बैदेशिक रोजगारी कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ। बैदेशिक रोजगारीबाट स्वदेश फिर्ता आएका श्रमिकहरुको सिप पहिचान गरी स्वरोजगारमूलक कार्यक्रम संचालन गरिनेछ।

३८. श्रमप्रति सम्मान गर्ने संस्कृति र संस्कारको विकास गर्दै श्रम सम्बन्धलाई प्राथमिकता दिँदै श्रमसँग प्रत्यक्ष सहअस्तित्व भएका क्षेत्रहरुमा रोजगारी सृजना गरिनेछ।

३९. उद्यमशीलता विकास, रोजगारी सिर्जना, सशक्तीकरण र सीप विकास तथा क्षमता अभिवृद्धि गरी गरिबी निवारणमा पहल गरिनेछ।

४०. आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि उद्यमशीलता प्रवर्द्धन कार्यक्रम संचालनमा ल्याइनेछ।

४१. बैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित, उपलब्धिमूलक तथा शोषण रहित बनाउन सुरक्षित आप्रवासन अर्थात् सामी परियोजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

४२. बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुसँग बैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।

४३. पालिका स्तरबाट संचालन गरिने नियमित विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरु लिईंदा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ।

४४. बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय सँग समन्वय गरी सिप परीक्षण सम्बन्धी कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

बागमती गाउँपालिका, मकवानपुर

४५. रुपान्तरणको संवाहक र नेतृत्वको साझेदारको रुपमा रहेका युवालाई विभिन्न प्रकारका सिपमुलक र जीवनोपयोगी तालिम प्रदान गरी सामूहिक व्यवसाय गर्न अभिप्रेरित गर्ने नीति लिईनेछ।

४६. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमलाई जनमुखी कार्यक्रमको रुपमा प्रभावकारी कार्यान्वयन गरिनेछ।

४७. बागमती गाउँपालिकाका युवाहरुलाई बागमती गाउँपालिकाको विकास र समृद्धिमा उपयोग गर्दै युवाहरुलाई बागमती गाउँपालिकाको हरेक विकासात्मक क्रियाकलापहरुमा अर्थपूर्ण सहभागिताका लागि बागमती गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा युवा सहभागिता नीति निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

४८. गाउँपालिका क्षेत्र भित्र संचालित संगठित उद्योगमा कार्यरत कामदारहरुका लागि नेपाल सरकारले तोकेको न्यूनतम ज्याला लागू गर्ने गराउने नीति अवलम्बन गरिनेछ।

४९. बागमती गाउँपालिका क्षेत्र भित्रका नदी, खोला, खहरे, सार्वजनिक, ऐलानी एवं निजी जग्गाहरुबाट प्रकृतिक रुपमा उपलब्ध हुने नदी/ढुंगा/माटोजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल, माटो एवं पाँगो लगायतका पदार्थ) को दीगो व्यवस्थापन गरी गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वाधार लगायतका संरचनामा स्थानीय श्रोतहरुको प्रयोग बढाई आर्थिक मितव्ययिता कायम गरी हालसम्म समुचित उपयोगमा नआएका, त्यतिकै खेर गइरहेका, चोरी निकासीको उच्च संभावना एवं जोखिम रहेका नदी/ढुंगा/माटोजन्य पदार्थको संरक्षण र उपयोग गर्दै गाउँपालिकाको भरपर्दो गुणस्तरयुक्त दिगो विकास, गाउँपालिकाको समग्र हित, आन्तरिक राजश्व क्षमता अभिवृद्धि गरी गाउँपालिकालाई पूर्वाधार निर्माणको लागि आवश्यक आधारभूत रुपमा स्रोत साधन सम्पन्न बनाइ नदी/ढुंगा/माटोजन्य पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी गाउँपालिकाको स्थानीय आर्थिक विकास, रोजगारीको अवसरको सिर्जना गर्ने हेतुले बागमतीको दिगो विकासमा टेवा पुऱ्याउन गाउँपालिकाद्धारा क्रसर उद्योग स्थापना गरी संचालनमा ल्याईनेछ।

५०. गाउँपालिका स्वयम्ले संचालन गर्ने क्रसर उद्योगमा प्रयोग हुने कच्चा पदार्थ एवं ढुंगा, गिट्टी, बालुवा, माटो लगायतका नदीजन्य पदार्थ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लिखित परिमाणमा मापदण्डानुसार गाउँपालिका आफैंले उपलब्ध स्रोत साधनको परिचालन मार्फत उत्खनन् एवं संकलन गरी उपयोगमा ल्याउनेछ।

५१. पूर्वाधार विकासको दिगोपनाका लागि संचालित गाउँपालिकाको हेभी इक्वीपमेन्ट एवं यन्त्र उपकरणको माग र आवश्यकताको आधारमा सन्तुलित तवरले परिचालन गरिनेछ।

**गाउँसभाका सदस्यहरु**,

५२. बागमती गाउँपालिका भित्रका सहकारी संस्थाहरु मार्फत स्थानीय आर्थिक विकासमा टेवा पुर्याउने उद्देश्यले सहकारी संस्थाहरुका दर्ता प्रक्रियादेखि लगानी गर्ने सम्मका सबै चरणमा निरन्तर अनुगमन र मूल्याङ्कन गर्दै सहकारीमैत्री नीति, ऐन तथा नियमावली एवं कार्यविधिहरु र अन्तर सम्बन्धित कानुनहरु तर्जुमा, परिमार्जन, नियमन, अनुगमन, निरीक्षण, पृष्ठपोषण, क्षमता विकास लगायतका प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५३. समान प्रकृति र उद्देश्यका सहकारीहरुलाई एकीकरण गरी दक्षतापूर्वक संचालन गरिनुका साथै सहकारीहरुको प्रभावकारी अनुगमन तथा नियमन गरी रुग्ण अवस्थामा रहेका सहकारीहरुलाई पुनः संचालनका लागि सहजीकरण एवं प्रोत्साहित गर्दै सोको नियमनका लागि एकीकरण, विघटन र खारेजीको प्रक्रिया अगाडि बढाईनेछ।

५४. कृषि क्षेत्रसँग सम्बन्धित उत्पादन, प्रशोधन तथा बजारीकरण एवं प्रवर्द्धनको लागि सहकारीमा आवद्ध गर्ने नीति अवलम्बन गरिनेछ।

५५. स्थानीय स्रोत, साधन, सीप र पुँजीको अधिकतम परिचालन गरी गाउँपालिकाको समग्र आर्थिक विकास एवं सामाजिक रुपान्तरणका लागि सहकारीको परिचालन गरिनेछ।

५६. आर्थिक विकास र गरिबी निवारणका लागि सहकारी क्षेत्रलाई उद्यमशीलता, उत्पादन र रोजगारीसँग आवद्ध गरिनेछ।

**गाउँसभाका सदस्यहरु**,

५७. गाउँपालिका भित्र बसोबास गरी नाप नक्साको लागि निसा कार्ड प्राप्त गरेका बाँकी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोबासीहरुलाई यथाशक्य छिटो प्रचलित कानुन बमोजिम जग्गा धनीपुर्जा उपलब्ध गराउन पहल गरिनेछ।

५८. गाउँपालिकाबाट आवश्यक पर्ने जनशक्ति र पूर्वाधारको व्यवस्थान गरी भूमि सुधार तथा मालपोत कार्यालय एवं नापी कार्यालयबाट प्रवाह हुँदै आएका भूमि प्रशासन सम्बन्धी सेवाहरु गाउँ कार्यपालिकाको कार्यालयबाट प्रदान गरिने व्यवस्था मिलाईनेछ।

५९. आधुनिक एवं नवीनतम् प्रविधिको प्रयोग गरी बागमती गाउँपालिकाको बाँकी वडाहरुमा जग्गा नापजाँचको कार्यलाई अगाडि वढाईनेछ।

६०. बागमती गाउँपालिका क्षेत्र भित्रका राजमार्ग सडक, राजमार्गबाट खोलिएका शाखा सडक, ग्रामीण कृषि सडक, खेतीयोग्य धनहर जग्गा र बारीयोग्य जग्गाको वडा, ब्लक र क्षेत्रफल समेत खुलाई वैज्ञानिक तवरले जग्गा बर्गीकरणको कार्य अगाडि बढाईनेछ। सार्वजनिक जग्गाको रेखाङ्कन गरी संरक्षण गरिनेछ।

**गाउँसभाका सदस्यहरु**,

६१. बागमती गाउँपालिकाको प्रमुख पर्यटकीय क्षेत्रको पहिचान, संरक्षण र प्रवर्द्धनका कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ। पर्यटनलाई गाउँपालिकाको सबै प्रकारका आर्थिक गतिविधिसँग आवद्ध स्थानीय अर्थिक विकासमा जोड दिईनेछ।

६२. आफ्नो छुट्टै विशिष्ट पहिचान बोकेको राष्ट्रिय रुपमा सिमान्तकृत आदिवासी जनजाति एवं बागमती गाउँपालिकाको बहुसंख्यक तामाङ जातिको संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्न तामाङ साँस्कृतिक संग्राहलय स्थापनाको लागि आवश्यक पहल गरिनेछ।

६३. गाउँपालिका अन्तर्गतका धार्मिक, साँस्कृतिक, पर्यटकीय क्षेत्रहरुको रुपमा रहेका पर्यटकीय क्षेत्रहरुको संरक्षण, विकास र प्रवर्द्धन गर्न सङ्घीय सरकार तथा प्रदेश सरकार बीचमा समन्वय र सहकार्य गरिनेछ।

६४. बागमती गाउँपालिका अन्तर्गतका पुरातात्विक महत्वका प्राकृतिक, धार्मिक, सामाजिक तथा साँस्कृतिक मूर्त एवं अमूर्त सम्पदाहरुको संरक्षण र प्रवर्द्धनमा विशेष जोड दिइनेछ।

६५. निजी क्षेत्रको साझेदारीमा पर्यटकीय पूर्वाधारको निर्माण, सञ्चालन र हस्तान्तरण मोडेल अवलम्वन गरी गाउँपालिका भित्र रहेका पर्यटकीय पूर्वाधारहरुको विकास गरिनेछ।

६६. बागमती गाउँपालिका भित्र रहेका ऐतिहासिक एवं पर्यटकीय सम्भावित क्षेत्रमा पदमार्ग व्यवस्थित गरी उक्त रुटमा स्थानीय कला संस्कृति, भाषा, भेषभुषाको संरक्षणका एवं प्रवर्द्धन गर्ने नीति लिइनेछ।

६७. नेवार, मगर, तामाङ, माझी, पहरी, भुजेल, राई, खसआर्य तथा दलित समुदायको कला, संस्कृति, रहनसहन, रितिरिवाज र भेषभुषालाई पर्यटकीय आकर्षकको आभूषणको रुपमा विस्तार र विकास गरिनेछ।

६८. बागमती गाउँपालिकाको पर्यटनलाई बहुआयामिक पक्षहरुसँग जोडी एक वडा एक पर्यटन क्षेत्र निर्माणमा विशेष पहल गरिनेछ।

६९. तामाङ समुदायको संस्कार र संस्कृतिको संरक्षण एवं जगेर्ना गरी प्रवर्द्धनका लागि "एक वडा एक गुम्बा" निर्माण गर्ने नीति अबलम्बन गरिनुका साथै मगर



बागमती गाउँपालिका, मकवानपुर

समुदायको धार्मिक स्थल मगर विहार निर्माणका लागि आवश्यक व्यवस्था मिलाइनेछ। साथै अन्य समुदायको संस्कार तथा संस्कृतिको संरक्षणमा समेत आवश्यक पहल गरिनेछ।

७०. बागमती गाउँपालिका अन्तर्गतका विभिन्न जातजातिहरुको विशिष्ट साँस्कृतिक पर्वहरुलाई सम्मान गर्दै प्रवर्द्धन गर्ने नीति लिईनेछ।

७१. बागमती गाउँपालिका क्षेत्र भित्रका बहुसंख्यक नागरिकहरुले बोल्ने तामाङ, माझी, मगर, राई लगायत स्थानीय भाषाहरुको संरक्षण एवं प्रवर्द्धनका लागि क्रमशः स्थानीय पाठ्यक्रममा समावेश गर्दै विद्यालय तहमा पठनपाठनको व्यवस्था मिलाइनेछ।

७२. नेपाल बहुजातीय, बहुधार्मिक, बहुभाषिक, बहुसाँस्कृतिक देश भएकोले हरेक नागरिकको धार्मिक स्वतन्त्रता सम्बन्धिको मौलिक हकलाई उच्च सम्मान गर्दै धार्मिक सहिष्णुता सहितको धर्मनिरपेक्ष राष्ट्रको नागरिक हकको प्रत्याभूति गरिनेछ। तर विभिन्न प्रलोभन एवं जालसाजीमा पारी जबर्जस्ती धर्म परिवर्तन गर्ने गराउने कार्यलाई निरुत्साहित गरिनेछ।

**गाउँसभाका सदस्यहरु**,

७३. नेपालको संविधानले प्रत्याभूत गरेको प्रत्येक नागरिकको गुणस्तरीय शिक्षाको मौलिक हक सुनिश्चित गर्दै बागमती गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा शिक्षालाई सर्वसुलभ, गुणस्तरीय, समावेशी, प्रविधिमैत्री, जीवनोपयोगी तथा रोजगारीमुखी बनाउने गरी आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७४. विद्यालय उमेर समूहका कुनै पनि बालबालिका शिक्षाको पहुँचबाट वञ्चित नहुने व्यवस्था सुनिश्चित गर्दै विद्यालय बाहिर रहेका, विद्यालय छाडेका तथा जोखिममा रहेका बालबालिकाको पहिचान गरी विद्यालय भर्ना, टिकाउ र सिकाइ सुनिश्चित गर्ने विशेष अभियान सञ्चालन गरिनेछ।

बागमती गाउँपालिका, मकवानपुर

७५. प्रारम्भिक बालविकास शिक्षालाई विद्यालय शिक्षाको आधारका रूपमा विकास गर्दै प्रारम्भिक बालविकास केन्द्रहरूको गुणस्तर अभिवृद्धि, बालमैत्री सिकाइ वातावरण निर्माण तथा सहजकर्ताहरूको क्षमता विकासलाई प्राथमिकता दिइनेछ।

७६. ४८ महिना उमेर पूरा गरेका बालबालिकालाई रमाइलो, सुरक्षित र बालमैत्री वातावरणमा प्रारम्भिक सिकाइको अवसर प्रदान गर्न बालविकास सेवा केन्द्रलाई **"साथी पनि भेटिने, खुशी पनि साटिने"** भन्ने भावना सहितको जीवन्त र आकर्षक सिकाइ स्थलका रूपमा विकास गरिनेछ। यसका लागि बालविकास सेवा केन्द्रलाई प्रदान गर्रिंदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै, बालबालिकाको सर्वाङ्गीण विकासलाई प्रोत्साहन गर्न सार्वजनिक स्थानहरूमा बाल उद्यानहरूको स्थापना गर्ने नीति अवलम्बन गरिनेछ।

७७. आधारभूत तहका विद्यार्थीहरूको पढाइ, लेखाइ, गणना तथा भाषा सीप विकासलाई केन्द्रमा राखी आधारभूत सिकाइ (Foundational Learning) सुधार कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

७८. आधारभूत तथा माध्यमिक तहमा विशेषगरी नेपाली, अंग्रेजी, गणित र विज्ञान विषयको सिकाइ उपलब्धि अभिवृद्धिका लागि विषयगत शिक्षण सहयोग, अतिरिक्त सिकाइ सहजीकरण, नवप्रवर्तनात्मक शिक्षण विधि तथा सिकाइ सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

७९. विपन्न, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका, सहिद तथा बेपत्ता परिवारका सन्तति, द्वन्द्वपीडित, आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका विद्यार्थीहरूका लागि लक्षित छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। यस कार्यक्रमलाई थप दिगो र संस्थागत बनाउन **"गाउँपालिका अध्यक्ष छात्रवृत्ति कोष"** स्थापना गरिनेछ।

८०. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक, दिवा खाजा, छात्रवृत्ति, सेनेटरी प्याड लगायतका विद्यार्थीमैत्री कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी सिकाइमा समान पहुँच र अवसर सुनिश्चित गरिनेछ।

८१. किशोरी छात्राहरूको नियमित विद्यालय उपस्थितिलाई प्रोत्साहन गर्न सुरक्षित तथा सम्मानजनक महिनावारी व्यवस्थापनका लागि निःशुल्क सेनेटरी प्याड वितरण तथा स्वास्थ्य सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

८२. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउँदै डिजिटल कक्षा, सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ, ई-लाइब्रेरी, स्मार्ट विद्यालय तथा डिजिटल शैक्षिक सामग्रीको विकास र प्रयोगलाई प्रोत्साहन गरिनेछ।

८३. सामुदायिक विद्यालयहरूको समग्र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालय सुधार योजना, कार्यसम्पादनमा आधारित अनुगमन तथा **"बागमती गुणस्तरीय शिक्षा तथा विद्यालय सूचना प्रविधि सहयोग परियोजना"** लाई निरन्तरता दिई थप प्रभावकारी बनाइनेछ।

८४. विद्यालय शिक्षामा सुशासन, पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन, वित्तीय अनुशासन, सामाजिक परीक्षण, शैक्षिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा नियमित अनुगमन प्रणालीलाई सुदृढ बनाइनेछ।

८५. स्थानीय शिक्षा योजना, विद्यालय सुधार योजना तथा विद्यालय विकास योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै परिणाममुखी शैक्षिक व्यवस्थापन प्रणाली विकास गरिनेछ।

८६. विद्यालयहरूको भौतिक पूर्वाधारलाई सुरक्षित, समावेशी, अपाङ्गमैत्री, बालमैत्री तथा वातावरणमैत्री बनाउँदै आवश्यकतामा आधारित पूर्वाधार विकास, मर्मत सम्भार तथा विस्तृत पूर्वाधार व्यवस्थापन योजना कार्यान्वयन गरिनेछ।

बागमती गाउँपालिका, मकवानपुर

८७. शिक्षकको पेशागत क्षमता अभिवृद्धिका लागि निरन्तर पेशागत विकास (Continuous Professional Development), विषयगत तालिम, अनुसन्धान, नवप्रवर्तन, सूचना प्रविधिमा आधारित शिक्षण तथा सहकर्मी सिकाइ प्रणालीलाई संस्थागत गरिनेछ।

८८. स्थानीय पाठ्यक्रम, मातृभाषामा आधारित शिक्षा, स्थानीय इतिहास, कला, संस्कृति, मौलिक ज्ञान, सीप तथा सभ्यताको संरक्षण र प्रवर्द्धनलाई विद्यालय शिक्षासँग आबद्ध गरिनेछ।

८९. विद्यालय शिक्षालाई नैतिक, व्यावहारिक, उद्यमशील, वातावरणमैत्री तथा जीवनोपयोगी बनाउँदै वित्तीय साक्षरता, विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन, स्वास्थ्य, सरसफाइ तथा नागरिक शिक्षालाई विद्यालय शिक्षामा एकीकृत गरिनेछ।

९०. अनौपचारिक, वैकल्पिक तथा निरन्तर शिक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै साक्षर, सक्षम र जीवनपर्यन्त सिकाइमा आधारित समाज निर्माण गरिनेछ।

९१. विद्यालयमा समावेशी शिक्षा प्रवर्द्धन गर्दै विशेष आवश्यकता भएका बालबालिकाका लागि आवश्यक शैक्षिक सहयोग, सहायक सामग्री तथा पहुँचयुक्त सिकाइ वातावरणको व्यवस्था गरिनेछ।

९२. उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गर्ने विद्यालय, प्रधानाध्यापक, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा विद्यार्थीलाई प्रोत्साहन, सम्मान तथा पुरस्कार प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

९३. विद्यालयको शैक्षिक, प्रशासनिक तथा वित्तीय व्यवस्थापनलाई सूचना प्रविधिमा आधारित बनाउँदै शिक्षा व्यवस्थापन सूचना प्रणाली (IEMIS) लाई थप प्रभावकारी, अद्यावधिक र प्रमाणमा आधारित बनाइनेछ।

बागमती गाउँपालिका, मकवानपुर

९४. विद्यार्थीहरूमा नेतृत्व विकास, अनुशासन, सिर्जनशीलता, अनुसन्धान, नवप्रवर्तन, खेलकुद, साहित्य, विज्ञान, प्रविधि, कला तथा अतिरिक्त क्रियाकलाप मार्फत सर्वाङ्गीण व्यक्तित्व विकास गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

९५. विद्यालय स्वास्थ्य, मानसिक स्वास्थ्य, मनोसामाजिक परामर्श, पोषण, सरसफाइ, सुरक्षित विद्यालय तथा बाल संरक्षण सम्बन्धी कार्यक्रमलाई विद्यालय शिक्षासँग एकीकृत गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

९६. शिक्षाको विकासमा विद्यालय, अभिभावक, समुदाय, निजी क्षेत्र, गैरसरकारी संस्था तथा विकास साझेदारबीच सहकार्य, समन्वय र साझेदारीलाई थप सुदृढ बनाइनेछ।

९७. गाउँपालिकाभित्रको सम्पूर्ण शैक्षिक गतिविधिको नियमित अनुगमन, मूल्याङ्कन, अनुसन्धान तथा तथ्याङ्क विश्लेषणका आधारमा प्रमाणमा आधारित योजना तर्जुमा, बजेट विनियोजन तथा कार्यक्रम कार्यान्वयन प्रणाली विकास गरिनेछ।

९८. सामुदायिक विद्यालयहरूको विद्यमान कमजोर शैक्षिक अवस्थालाई सुधार गर्दै गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सरोकारवाला सबै पक्षसँग प्रभावकारी सहकार्य र समन्वय गर्दै **"स्कुल हाम्रो, बनाऔं राम्रो"** भन्ने अभियानलाई व्यापक रूपमा सञ्चालन गरिनेछ।

९९. **"गुणस्तरीय शिक्षाः समृद्ध बागमतीको आधार"** भन्ने मूल नारालाई आत्मसात् गर्दै सक्षम, सिपयुक्त, नैतिक, प्रतिस्पर्धी तथा जिम्मेवार नागरिक उत्पादन गर्ने उद्देश्यका साथ शिक्षा क्षेत्रको समग्र रूपान्तरणका कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

१००. विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयनमार्फत बागमती गाउँपालिकाभित्र गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षा

बागमती गाउँपालिका, मकवानपुर

प्रणालीको विकास गर्दै सबै बालबालिकाको सिकाइ उपलब्धि अभिवृद्धि गरिनेछ।

१०१. सामुदायिक विद्यालयका सबै विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक समयमै उपलब्ध गराई गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गरिनेछ।

१०२. सामुदायिक विद्यालयहरूको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण सम्पन्न गरी सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री तथा प्रविधिमैत्री विद्यालय पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।

१०३. विद्यालय दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित, पोषणयुक्त तथा प्रभावकारी बनाउँदै विद्यार्थीको नियमित उपस्थिति, सिकाइ निरन्तरता तथा पोषण सुधारमा जोड दिइनेछ।

१०४. विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानलाई विद्यालय सुधार योजना, विद्यार्थी सङ्ख्या, सिकाइ उपलब्धि तथा कार्यसम्पादनसँग आबद्ध गरी प्रभावकारी रूपमा परिचालन गरिनेछ।

१०५. प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै सिकाइ उपलब्धिमा आधारित विद्यालय सहयोग प्रणाली विकास गरिनेछ।

१०६. विद्यालय बाहिर रहेका तथा शिक्षाबाट वञ्चित नागरिकहरूलाई लक्षित गर्दै सामुदायिक सिकाइ केन्द्रहरू मार्फत अनौपचारिक, वैकल्पिक तथा परम्परागत शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ, जसबाट सबै उमेर समूहका नागरिकलाई जीवनोपयोगी सीप तथा शिक्षामा पहुँच विस्तार गरी समावेशी शिक्षाको लक्ष्य हासिल गर्न योगदान पुग्नेछ।

१०७. स्वीकृत स्थानीय शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गर्दै स्थानीय आवश्यकता, सम्भावना तथा प्राथमिकतामा आधारित शिक्षा प्रणाली विकास गरिनेछ।

१०८. गत आर्थिक वर्षहरूमा अवलम्बन गरिँदै आएको शैक्षिक सुधारको निरन्तर प्रयासलाई थप सुदृढ गर्दै विद्यालयहरूमा प्रदान गरिँदै आएको शिक्षण-सिकाइ सहयोग अनुदान तथा प्रधानाध्यापक, बालविकास शिक्षक र विद्यालय कर्मचारीलाई दिइँदै आएको अतिरिक्त प्रोत्साहन अनुदानलाई यथावत् राखी निरन्तरता दिइने व्यवस्था मिलाईएको छ।

१०९. विद्यालयमा विद्यार्थीहरूको नियमित उपस्थिति अभिवृद्धि गर्ने उद्देश्यका साथ, पठनपाठन सञ्चालन भएका दिनहरूमा न्यूनतम ७५ % (प्रतिशत) उपस्थिति सुनिश्चित गर्ने विद्यार्थीहरूलाई मात्र अनुदान प्रदान गर्ने विगतदेखि अवलम्बन गरिँदै आएको नीतिलाई यथावत् निरन्तरता दिइनेछ।

११०. सामुदायिक विद्यालयहरूमा तहगत तथा विषयगत शिक्षक अभावलाई प्रभावकारी रूपमा परिपूर्ति गर्न गाउँपालिकाबाट उपलब्ध गराइँदै आएका अनुदान शिक्षकको व्यवस्था आवश्यकताको आधारमा निरन्तरता दिइनेछ। साथै, विगतदेखि व्यवस्थापन गरिँदै आएको स्वयंसेवक शिक्षकको व्यवस्था पनि यथावत् राखी निरन्तर रुपमा सञ्चालन गरिनेछ। यसका अतिरिक्त, शिक्षक अभावको दीर्घकालीन तथा दिगो समाधानका लागि **"शिक्षक बैंक व्यवस्थापन कार्यविधि, २०८०"** बमोजिम स्थापना गरिएको शिक्षक बैंक प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै निरन्तरता दिइनेछ।

१११. बागमती गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ मा व्यवस्था भए बमोजिम सरोकारवाला पक्षहरूको सक्रिय सहभागितामा सञ्चालन हुँदै आएको **"शिक्षा**

बागमती गाउँपालिका, मकवानपुर

**परामर्श सभा"** कार्यक्रमलाई शैक्षिक नीति निर्माण, कार्यान्वयन तथा गुणस्तर सुधारको प्रभावकारी माध्यमका रूपमा निरन्तरता दिइनेछ।

११२. विद्यालय परिसरलाई स्वच्छ, हरियालीयुक्त तथा सौन्दर्यपूर्ण वातावरणमा रूपान्तरण गर्न प्रत्येक विद्यालयमा वृक्षारोपण, फूलबारी व्यवस्थापन तथा नियमित सरसफाइ अभियानलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ, जसबाट विद्यार्थीमैत्री, आकर्षक र स्वास्थ्यकर शैक्षिक वातावरणको विकास गरिनेछ।

११३. शैक्षिक सुधारका असल अभ्यासहरूको आदान-प्रदान, अनुभवहरूको समृद्ध साझा सिकाइ तथा अन्य स्थानीय तह र विद्यालयहरूसँगको आपसी समन्वय, सहकार्य र सञ्जाल विस्तारलाई सुदृढ गर्ने उद्देश्यका साथ **"अनुभव साटिने तथा अन्तरस्थानीय तह र विद्यालयबीच प्रभावकारी सम्बन्ध विस्तार हुने"** भावनालाई आत्मसात् गर्दै अन्तरपालिका स्तरीय प्रधानाध्यापक भेलाको शुभारम्भ गरिनेछ।

११४. प्रचलित कानुन, निर्धारित मापदण्ड तथा वस्तुगत आवश्यकता र गहन विश्लेषणात्मक अध्ययनका आधारमा विद्यालय समायोजन तथा कक्षा थप-घट सम्बन्धी प्रक्रिया क्रमशः अघि बढाइनेछ। यस क्रममा विद्यार्थी संख्या, भौगोलिक पहुँच, शैक्षिक गुणस्तर, भौतिक तथा मानव स्रोत-साधनको उपलब्धता र समग्र संस्थागत व्यवस्थापन क्षमताजस्ता आधारभूत पक्षहरूको सूक्ष्म मूल्याङ्कन गरिनेछ। त्यसैगरी, गाउँपालिकाको उपयुक्तता, स्थानीय आवश्यकता तथा दीर्घकालीन शैक्षिक विकास योजनालाई मध्यनजर गर्दै आवासीय विद्यालय सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ, जसबाट दुर्गम तथा शैक्षिक पहुँचबाट वञ्चित क्षेत्रका बालबालिकालाई गुणस्तरीय, समावेशी र निरन्तर शिक्षामा सहज पहुँच सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुग्नेछ।

११५. निर्धारित मापदण्ड, वस्तुगत आवश्यकता तथा शैक्षिक गुणस्तर अभिवृद्धिको दीर्घकालीन लक्ष्यलाई आधार मानी स्थानीय तहको नमुना विद्यालय स्थापना गर्ने

कार्यको शुभारम्भ गरिनेछ। यसका लागि भौतिक पूर्वाधार, दक्ष मानव स्रोत, आधुनिक शिक्षण-सिकाइ प्रविधि, शैक्षिक वातावरण, व्यवस्थापकीय क्षमता तथा विद्यार्थी-केन्द्रित शिक्षण प्रणालीजस्ता आधारभूत सूचकहरूको सुनिश्चितता गरिनेछ।

११६. यस पहल मार्फत स्थानीय स्तरमै गुणस्तरीय, प्रविधिमैत्री, समावेशी र उदाहरणीय शैक्षिक अभ्यास विकास गर्दै अन्य विद्यालयहरूका लागि अनुकरणीय केन्द्रका रूपमा नमुना विद्यालयलाई स्थापित गरिनेछ, जसले समग्र शैक्षिक प्रणालीको रूपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

**गाउँसभाका सदस्यहरु**,

११७. बालबालिकाहरूका गुनासो, समस्या तथा सुझावहरूलाई प्रत्यक्ष रूपमा सुनुवाइ र प्रभावकारी सम्बोधन सुनिश्चित गर्न अध्यक्षसँग बालबालिका कार्यक्रम सञ्चालन गरिनुका साथै बालबालिकाको संरक्षण, सहायता तथा आपतकालीन सेवाका लागि बाल हेल्पलाइन सेवा सञ्चालन गरिनेछ।

११८. सरकारी सेवा मार्फत युवाहरूलाई राष्ट्रसेवामा सक्रिय रूपमा संलग्न गराउने अवसर सिर्जना गर्ने उद्देश्यले लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगका परीक्षाहरूका लागि तयारी कक्षा सञ्चालन गरिनेछ, जसबाट युवाहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि भई सार्वजनिक सेवामा पहुँच विस्तार हुने अपेक्षा गरिएको छ।

११९. उच्च शिक्षामा सर्वसुलभ पहुँच सुनिश्चित गर्ने उद्देश्यका साथ जनता माध्यमिक विद्यालय, बागमती-०८ मा बागमती बहुमुखी क्याम्पसको स्थापना तथा सञ्चालनका लागि आवश्यक स्रोत-साधनको व्यवस्थापन र संस्थागत संरचना सुदृढीकरण गर्न आवश्यक पहल गरिनेछ।

बागमती गाउँपालिका, मकवानपुर

१२०. व्यावसायिक तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा सक्षम, अनुशासित र उत्कृष्ट खेलाडी उत्पादन गर्ने दीर्घकालीन लक्ष्य सहित बागमती गाउँपालिका वडा नं. ०८ स्थित जनता माध्यमिक विद्यालयको प्राङ्गणमा स्थापना गरिएको बागमती फुटबल एकेडेमीलाई संस्थागत रूपमा थप सुदृढ, व्यवस्थित, दिगो र परिणाममुखी बनाइनेछ। यसका लागि थप आवश्यक आर्थिक, प्राविधिक, नीतिगत तथा कानुनी संरचनाहरूको विकास र प्रभावकारी कार्यान्वयन गरिनुका साथै शिक्षा र खेलकुदलाई आपसमा अन्तरसम्बद्ध गर्दै शैक्षिक सिकाइसँगै खेलकुद विकासलाई एकीकृत रूपमा अघि बढाइनेछ। साथै, विद्यालय तहदेखि नै खेलकुद प्रतिभाको पहिचान, विकास र प्रवर्द्धनका लागि नियमित तालिम, दक्ष प्रशिक्षक परिचालन तथा खेलाडी प्रोत्साहन कार्यक्रमहरूलाई प्रणालीगत रूपमा विस्तार गरिनेछ। यसबाट शिक्षासँगै खेलकुदमा दक्ष, प्रतिस्पर्धी तथा सम्भावनाशील जनशक्ति उत्पादन भई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सशक्त उपस्थिति सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुग्नेछ।

१२१. युवा क्लबहरूको व्यवस्थापन, परिचालन तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ। फुटबल, भलिबल, एथलेटिक्स लगायतका खेलकुदका प्रशिक्षकहरूको लागि आवश्यक तालिमको व्यवस्था मिलाइनेछ। प्रतिभाशाली युवा खेलाडीहरूको पहिचान गरी उनीहरूलाई जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा सहभागी हुने अवसर र वातावरण सुनिश्चित गरिनेछ। साथै, खेलकुद पूर्वाधारको निर्माण तथा आवश्यक स्रोत-साधन व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ। त्यसैगरी, पदक हासिल गर्ने खेलाडीहरूलाई सम्मान प्रदान गर्नुका साथै उनीहरूको अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिने नीति अवलम्बन गरिनेछ।

१२२. **"बागमती गाउँपालिकाको शान, युवा खेलाडी उत्पादन, शान्ति, सद्भाव र समृद्धि हाम्रो अभियान"** भन्ने मूल भावनालाई सार्थक बनाउँदै बागमती गाउँपालिकाको ऐतिहासिक तथा गौरवमय पहिचानसँग जोडिएको "बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिता" लाई निरन्तर रूपमा सञ्चालन तथा प्रवर्द्धन गरिनेछ, जसबाट खेलकुद मार्फत राष्ट्रिय एकता, प्रतिभा विकास र सामाजिक सद्भाव अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुग्नेछ।

१२३. बागमती गाउँपालिकाको गौरवमय आयोजनाको रूपमा रहेको वडा नं. ०४ झुरझुरेमा अवस्थित सहिद स्मृति रङ्गशालाको थप स्तरोन्नति तथा सुदृढीकरण गरिनेछ। साथै, सोही परिसरमा निर्माणाधीन झुरझुरे कभर्ड हलको निर्माण कार्यलाई सङ्घीय सरकार र प्रदेश सरकारसँगको लागत साझेदारी मार्फत प्राथमिकताका साथ अघि बढाइनेछ। यसका अतिरिक्त, गाउँपालिका भित्रका विभिन्न स्थानहरूमा सर्वसाधारणको स्वास्थ्य, फिटनेस तथा खेलकुद संस्कृतिको प्रवर्द्धनका लागि आवश्यक व्यायामशालाहरूको स्थापना गर्न आवश्यक पहल गरिनेछ।

१२४. युवाहरूलाई हिंसा, दुर्व्यसन, कुलत तथा अराजक प्रवृत्तिबाट टाढा राख्दै उनीहरूको उर्जा, सीप र सिर्जनशील क्षमतालाई विपद् व्यवस्थापन, सामाजिक विकास, वातावरण संरक्षण तथा खेलकुद लगायतका सार्वजनिक हितका क्षेत्रमा स्वयंसेवकको रूपमा परिचालन गर्ने नीति अवलम्बन गरिनेछ, जसबाट जिम्मेवार, अनुशासित र सामाजिक रूपमा उत्तरदायी युवा पुस्ताको विकासमा योगदान पुग्नेछ।

१२५. समृद्धि र विकासका प्रमुख संवाहक युवाहरूका साझा सरोकार, समस्या तथा आकांक्षाहरूलाई स्थानीय सरकारको प्रभावकारी माध्यमबाट सम्बोधन गर्ने उद्देश्यका साथ युवामैत्री स्थानीय तहको अवधारणालाई सुदृढ गर्दै "बागमती

गाउँपालिका सरकारसँग युवा" कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ, जसबाट युवा सहभागिता, सशक्तीकरण र नीति-निर्माण प्रक्रियामा अर्थपूर्ण संलग्नता सुनिश्चित गर्न योगदान पुग्नेछ।

**गाउँसभाका सदस्यहरु**,

१२६. सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गरी गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा सेवा क्षेत्रको आधारमा औषधि, आधुनिक उपकरण, प्रविधि र दक्ष जनशक्तिको व्यबस्थापन गरी आम नागरिकलाई गुणस्तरीय, सर्वसुलभ, प्रभावकारी र जवाफदेही ढंगले आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराईनेछ।

१२७. सहिद स्मृति १५ शैय्या आधारभूत अस्पतालका लागि आवश्यक पर्ने जनशक्ति र स्रोत साधनको व्यवस्थापन गरी संचालनमा ल्याई आधारभूत स्वास्थ्य सेवा सहितको विशेषज्ञ सेवा उपलब्ध गराईनेछ। बागमती गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गरी गुणस्तरीय सेवा प्रवाहको व्यवस्था मिलाईनेछ।

१२८. बागमती गाउँपालिकाको स्वास्थ्य क्षेत्रको सबलीकरण एवं सुदृढीकरणका लागि प्रदेश विशेष अनुदान अन्तर्गत स्वास्थ्य सेवा विकास तथा सहयोग कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ।

१२९. गाउँपालिका मातहतका बर्थिङ सेन्टरहरुलाई भौतिक श्रोत साधनयुक्त वनाई आवश्यक स्वास्थ्यकर्मीहरुको व्यवस्थापन गरिनेछ। भौगोलिक विकटता र जनसंख्याको आधारमा बर्थिङ सेन्टर थप गरी संचालनमा ल्याईनेछ।

१३०. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि तोकिएको मापदण्ड अनुसार निःशुल्क वितरण हुने औषधिहरुलाई सबै स्वास्थ्य संस्थाहरुबाट निरन्तर रुपमा सर्वसुलभ ढंगबाट उपलब्ध गराईनेछ।

१३१. बागमती गाउँपालिका अन्तर्गतका गरिब तथा विपन्न परिवारलाई उपलब्ध गराउँदै आएको निःशुल्क स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३२. खोप केन्द्र, गाउँघर क्लिनिकहरु सञ्चालनको विद्यमान भौगोलिक अवस्थितिलाई मध्यनजर गर्दै उपयुक्त र अनुकुल स्थानहरुमा खोप केन्द्र निर्माण गरी आवश्यक स्रोत-साधनको व्यवस्था मिलाईनेछ।

१३३. मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला वितरण, सुरक्षित निःशुल्क गर्भपतन र नवजात शिशुको निःशुल्क उपचार कार्यक्रमलाई निरन्तरता दिइनेछ। आमा सुरक्षा कार्यक्रम तथा विपन्न असहायहरुको लागि उपलब्ध गराउँदै आएको निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।

१३४. बागमती गाउँपालिका अन्तर्गतका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन गरिनेछ।

१३५. सर्ने तथा नसर्ने रोगहरुको बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३६. ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई सहज स्वास्थ्य उपचार सेवालाई प्राथमिकतामा राखिनेछ।

१३७. हाल सञ्चानलमा रहेका एम्बुलेन्स सेवालाई स्तरोन्नति गर्दै आधारभूत स्वास्थ्य सेवा सुविधा सहितको एम्बुलेन्स सेवा संचालनमा ल्याईनेछ।

१३८. हावापानी, वातावरण, मौसम एवं अन्य विविध कारणहरुले देखा पर्ने विभिन्न प्रकारका माहामारीजन्य रोगहरुलाई नियन्त्रण तथा रोकथाम गर्न आवश्यक पर्ने कार्यक्रमहरु संचालन गरिनेछ।

१३९. बागमती गाउँपालिका क्षेत्रभित्रका गर्भवती महिलाहरुको लागि सुत्केरी हुँदाका बखत उपलब्ध गराउँदै आएको निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ।

१४०. सामाजिक संरचना, परिवेश एवं आन्तरिक तथा बाह्य प्रभावले गर्दा मानव समुदायमा देखा परेको हतास मनस्थिति लगायतका विभिन्न कारण मानसिक रोगको उपजले गर्दा आत्महत्या, धुम्रपान, मद्यपान, लागुपदार्थ दुर्व्यसनीले पछिल्लो समयमा व्यक्ति, परिवार र सामाजमा समेत नकरात्मक असर परेको हुँदा सोको न्यूनीकरणका लागि विभिन्न सरोकारवाला संघ-संस्थाहरुको सँगको

साझेदारीमा मनोसामाजिक परामर्शकर्ता र आवश्यकतानुसार गाउँपालिकाका स्वास्थ्यकर्मीहरुलाई समेत क्षमता विकास तालिम प्रदान गर्दै नियमित उपचार एवं परामर्श सेवाको व्यवस्था मिलाईनेछ।

१४१. सुलभ तवरले स्वास्थ्य सेवाको पहुँच नभइ समुदायमा लुकेर बसेका क्षयरोगीहरुको खोजपड्ताल, समयमा नै निदान, उपचार एवं रोकथाम गरी क्षयरोगमुक्त अभियान संचालनमा ल्याइनेछ। क्षयरोग तथा कुष्ठरोग जस्ता रोगहरुको समयमा नै पहिचान, उपचार, रोकथाम एवं नियन्त्रणका कार्यक्रमहरुलाई थप सुदृढ बनाइनेछ।

१४२. डेङ्गी, औलो, कालाजार जस्ता बिभिन्न किटजन्य रोगहरु नियन्त्रण तथा रोकथामका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

१४३. सबै स्वास्थ्य संस्थाहरुलाई बाल मैत्री, अपांगता मैत्री, किशोर-किशोरी मैत्री बनाई सर्वसुलभ ढंगले सेवा लिने वातावरण मिलाईनेछ।

१४४. प्रजनन् उमेर समूहका महिलाहरुको समस्या समुदायस्तरमा नै परीक्षण गर्ने व्यवस्था मिलाईनेछ। समुदायमा रहेका प्रजनन् रुग्णता सम्बन्धी समस्यालाई समयमै पहिचान र उपचारको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

१४५. स्वास्थ्य संस्थाहरुलाई सूचना प्रविधिमैत्री बनाई तथ्यांकहरुलाई समयमै केन्द्रीय सूचनामा प्रविष्ट हुने प्रबन्ध मिलाईनेछ।

१४६. स्त्रीरोग, मुटुरोग, मृगौला रोग, आँखा रोग लगायतका सबै प्रकारको विशेषज्ञ सेवा प्रदानका लागि विभिन्न संघ-संस्थाहरुको समन्वय र सहकार्यमा स्वास्थ्य शिविर कार्यक्रम संचालनमा ल्याइनेछ।

१४७. नियमित खोप सुदृढीकरण, नियमित खोप सेवामा विद्यालय केन्द्रित खोप अभियान संचालन, सरसफाई प्रवर्द्धन कार्यक्रम निरन्तरता, खोपबाट बचाउन सकिने रोगहरुको खोजपड्ताल तथा निगरानी, पूर्ण खोप सुनिश्चितता र दिगोपनाका लागि आवश्यक कार्यक्रमहरु संचालनमा ल्याइनेछ। बालबालिकाहरुको स्वास्थ्य संवेदनशीलतालाई मध्यनजर गर्दै पूर्णखोप घोषणाको सुनिश्चितता एवं दिगोपनका लागि संचालित कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

१४८. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई मासिक रुपमा उपलब्ध गराइँदै आएको औषधि उपचार बापतको खर्चलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै निरन्तरता दिईनेछ।

१४९. बागमती गाउँपालिकाको नागरिकहरुको स्वास्थ्यमा सहज पहुँच स्थापित गर्दै विशेषज्ञता सहितको आधारभूत तहको स्वास्थ्य उपचार सरल, सर्वसुलभ तवरले प्राप्तिका लागि प्रचलित कानुन एवं मापदण्ड अनुसार स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रलाई आकर्षित गरी आवश्यक सहजीकरण गरिनेछ।

१५०. नागरिक आरोग्य केन्द्रलाई थप सुदृढीकरण गरी आयुर्वेद स्वास्थ्य सेवा प्रभावकारी बनाईनेछ। प्राकृतिक चिकित्सा पद्धतिको विधिबाट नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ। आयुर्वेद स्वास्थ्य सेवालाई स्रोत साधनयुक्त बनाई प्रवर्द्धन गरिनेछ।

१५१. स्थानीय जडिबुटीको पहिचान, संरक्षण, संवर्द्धन, प्रवर्द्धन र प्रयोगका लागि आवश्यक कार्यक्रम संचालनमा ल्याईनेछ।

**गाउँसभाका सदस्यहरु**,

१५२. पालिका स्तरीय पोषण प्रोफाईल तयार गरी पोषणमैत्री सूचकमा आधारित पोषण संवेदनशील कार्यक्रमहरु संचालनमा ल्याईनेछ।

१५३. पोषणमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न विषयगत क्षेत्रका सम्बन्धित कार्यक्रमहरुलाई पोषण संवेदनशील कार्यक्रममा एकीकृत गरी कार्यान्वयनमा ल्याइनेछ।

१५४. गर्भवती महिलाहरु तथा विद्यालय बाहिर रहेका किशोरीहरुको खाद्य सुरक्षा र पोषणको अवस्थामा सुधार ल्याउन आयआर्जन सम्बन्धी कार्यक्रम संचालनमा ल्याइनेछ।

१५५. सुनौलो हजार दिनका घरपरिवारलाई स्वच्छ र सफा खानेपानीको व्यवस्था मिलाईनेछ।

बागमती गाउँपालिका, मकवानपुर

१५६. सुनौलो हजार दिनको घरपरिवारमा बहुक्षेत्रीय पोषणका आयामहरुमा थप सुदृढीकरण गर्दै पोषण विशेष कार्यक्रम सञ्चालनमा ल्याइनेछ। सुनौलो हजार दिनको घरपरिवारमा खाद्य बालीको पहुँच अभिवृद्धि गरी खाद्यान्नमा आत्मनिर्भर बनाईनेछ।

१५७. कुपोषित बालबालिकाहरुको उपचार, विशेष कारणवश आमाको दुध खान नपाएका नवजात शिशुलाई पोसिलो दुध पिठो, नियमित गर्भ जाँच गराउने, गर्भवती महिलालाई शुद्ध खानेपानीको व्यवस्था, किशोरी/गर्भवतीहरुलाई आइरन फोलिक एसिड चक्की वितरण, पोषण शिक्षा मार्फत जीविकोपार्जनको लागि सीप विकास कार्यक्रम लगायतका पोषण संवेदनशील कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ।

१५८. पोषण सुधारको लागि विपन्न समुदायका महिला समूह एवं सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधारका लागि अनुदान प्रदान गरिनेछ।

१५९. बागमती गाउँपालिकाको पोषण अवस्था सुधारको लागि सामाजिक व्यवहार परिवर्तनसँग सम्बन्धित क्रियाकलापहरु संचालनमा ल्याईनेछ।

**गाउँसभाका सदस्यहरु**,

१६०. लैङ्गिक समानता र महिला सशक्तीकरणको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। नीति निर्माण तहमा महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गर्दै नेतृत्व विकासमा जोड दिइनेछ। शिक्षा, स्वास्थ्य, रोजगारी, गरिबी निवारण, जीविकोपार्जन सुधार, सामाजिक सुरक्षा, पूर्वाधारमा पहुँच लगायतका विषयमा महिला लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

१६१. गरिब तथा विपन्न, दलित, आदिवासी जनजाति, एकल तथा अपाङ्गता भएका महिला, हिंसापीडित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एचआइभी सङ्क्रमित र वञ्चितिमा परेका सबै समुदायका महिला तथा किशोरीको आय आर्जन, क्षमता विकास तथा सशक्तीकरण गर्ने गरी आर्थिक एवं सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

१६२. बाबुआमा बिहीन बालबालिका संरक्षण कार्यक्रम, अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रम र बाल विवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रमको एकीकृत तवरले ठोस एवं प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ।

१६३. गाउँपालिकाको महिला, बालबालिका, आदिबासी जनजाति, विपन्न बर्ग, ज्येष्ठ नागरिक, दलित र अपाङ्गता भएका ब्यक्तिहरुको क्षमता विकास तथा आर्थिक-सामाजिक सशक्तीकरणका कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१६४. लक्षित बर्गको कार्यक्रम सञ्चालन गर्दा क्षमता विकास, सीप विकास, नेतृत्व विकास, प्रविधि हस्तान्तरण, सचेतना तथा संस्कृति संरक्षण र प्रवर्द्धन जस्ता कार्यक्रम समाबेशी ढंगले सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१६५. गाउँपालिकाको निर्णय प्रक्रियामा लक्षित बर्गको अर्थपूर्ण सहभागिता सुनिश्चितता गरिनेछ।

१६६. असहाय महिला, वेवारिसे वालवालिका तथा अपाङ्गता भएका ब्यक्तिहरुको संरक्षणको लागि सरोकारवालाहरुसँगको सहकार्यमा आवश्यक सहयोग गरिनेछ।

१६७. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला लगायतका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता वडा एवं वडा अन्तर्गतका टोल-टोलमा गई बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने कार्यको शुरुवात गरिनेछ। साथै एकीकृत घुम्ती सेवा मार्फत आम नागरिकहरुलाई घरदैलोमा नै स्वास्थ्य परीक्षण, अपाङ्गता परिचय पत्र वितरण लगायतका सेवाहरु टोलटोलमा प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

१६८. हिंसामा परेका, विशेष संरक्षणको आवश्यक रहेका तथा अनाथ बालवालिकाहरुलाई संरक्षणका लागि सङ्घीय तथा प्रदेश सरकारको सहयोग एवं समन्वयमा बालवालिका पुनर्स्थापना केन्द्र संचालन गर्न पहल गरिनेछ।

१६९. ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको संरक्षण तथा कल्याणकारी कार्यक्रम संचालन एवं अपाङ्गता भएका व्यक्तिको आत्मनिर्भरताको लागि शिक्षा,

प्रविधि र सिपमा पहुँच अभिवृद्धिका साथै ज्येष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रम संचालन गरिनेछ।

१७०. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं लैङ्गिक अल्पसंख्यकका हित संरक्षण र समस्या समाधान गर्न सङ्घीय सरकार तथा प्रदेश सरकार बीचमा समन्वय गरिनेछ।

१७१. घाइते, अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई जीविकोपार्जनका लागि उत्पादनसँग जोड्न सहुलियतपूर्ण कर्जाको सुविधा उपलब्ध गराई व्यावसायिक बनाइनेछ।

१७२. बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक एवं अशक्तमैत्री भौतिक संरचना निर्माण गर्ने नीति अंगिकार गरी कार्यान्वयनमा ल्याइनेछ।

१७३. लैगिंक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धिको लेखाजोखाका लागि GESI Audit गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१७४. लैगिंक हिंसा निवारण कोषको स्थापना गरी तत्काल संचालनमा ल्याइनेछ।

१७५. सहयोगापेक्षी सडक मानवमुक्त बागमती गाउँपालिका अभियान संचालनमा ल्याइनेछ।

१७६. **"आत्मनिर्भरताका लागि महिला सशक्तीकरण"** भन्ने मूल नाराका साथ महिलाको हक कार्यान्वयनका लागि सिप एवं क्षमता विकास मार्फत महिला सशक्तीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। बेचबिखन तथा ओसारपसारबाट पीडित एवम् लैङ्गिक हिंसाबाट प्रभावितहरुको सुरक्षाका लागि उद्धार, राहत, मनोसामाजिक परामर्श एवम् पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरु र यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको मूलप्रवाहीकरणका लागि रोजगारमुलक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

१७७. महिला तथा किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गर्न पहल गरिनेछ। बागमती गाउँपालिकालाई बालविवाह मुक्त गाउँपालिका घोषणाका लागि आवश्यक पहल गरिनेछ। बलात्कार, हिंसा पीडित तथा प्रभावित महिलाको सुरक्षाको लागि राहत, उद्धार, पुनर्स्थापना, निःशुल्क कानुनी

सहायता, मनोसामाजिक परामर्श, सीप विकास तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१७८. गाउँपालिका क्षेत्रभित्र हुने महिला तथा पुरुष हिंसा लगायतका घरेलु हिंसा अन्त्यका लागि एक अर्कामा परनिर्भर रहनुपर्ने बाध्यात्मक अबस्थाबाट क्रमशः मुक्ति दिलाउन उद्यमशीलता एवं अर्थोपार्जन सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१७९. गाउँपालिका भित्रका सबै महिलाले सम्मानपूर्वक जीउन पाउने वातावरण सुनिश्चित गरिनेछ।

१८०. हिंसा पीडित तथा हिंसा प्रभावित महिलाहरुको लागि कानुनी उपचारार्थ आर्थिक ब्यबस्थापन सहित सहयोगी संयन्त्रको विकास गरिनेछ।

१८१. गाउँपालिका तथा वडास्तरीय किशोरी सञ्जालको लागि सचेतनामूलक तथा क्षमता अभिबृद्धि कार्यक्रमहरु सञ्चालन गरिनुका साथै किशोरीमैत्री पालिका घोषणा गर्नका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

१८२. हिंसामा परेका, बलात्कृत भएका महिला, किशोरी तथा बालबालिकाहरुको लागि सुरक्षा एवं संरक्षण प्रदान गर्न आवश्यक पहल गरिनेछ।

१८३. महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, दुर्व्यवहार अन्त्य गर्दै लैङ्गिक उत्तरदायी शासन प्रणालीलाई संस्थागत गर्न लैङ्गिक समानता तथा समाजिक समावेशीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ।

१८४. बालमैत्री स्थानीय शासनको कार्यान्वयन गर्न विशेष कार्यक्रम संञ्चालन गरिनेछ। बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणाका लागि आवश्यक पहल गरिनेछ।

१८५. बालविवाह तथा बालश्रम न्यूनीकरण गर्न सरकारी एवं गैरसरकारी संघ-संस्थाहरु सँग सहकार्य र समन्वय गरिनुका साथै बाल बिबाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम संचालनमा ल्याइनेछ।

१८६. गाउँपालिका क्षेत्रभित्र सञ्चालित होटल तथा अन्य व्यवसाय, कल-कारखानालाई बालश्रममुक्त बनाई समग्र गाउँपालिकालाई बालश्रममुक्त गाउँपालिका घोषणाका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

१८७. गाउँपालिका तथा वडा स्तरीय बालक्लबहरुको क्षमता अभिबृद्धि कार्यक्रमहरु सञ्चालन गरिनुका साथै बालक्लबहरुको व्यवस्थापनका लागि आवश्यक सहयोग गरिनेछ।

१८८. घर परिवार, समाज र विद्यालयमा बालबालिकाले भोग्नु परेका दुर्व्यवहार, तथा हिँसाको अन्त्य गर्दै बालअधिकारको पूर्ण उपभोग गर्न पाउने अवस्थाको सुनिश्चिता गरिनेछ।

१८९. सबैखाले बालश्रम शोषणको अन्त्य गरिनेछ। बालमैत्री पूर्वाधार निर्माण गर्दै लगिनेछ। अनाथ, असहाय, टुहुरा, अपाङ्गता भएका व्यक्ति, अशक्त, बेवारिसे, हिँसा पीडित तथा सडक बालबालिकाको उद्धार, संरक्षण र पुनर्स्थापनाको लागि सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।

१९०. बाल बिबाहलाई निरुत्साहित गर्न शून्य सहनशीलता अपनाई कडाईका साथ नियमन र नियन्त्रण गर्ने नीति लिईनेछ।

१९१. बालबालिकाहरुको सवालका विषय एवं निर्णय प्रक्रियामा बालक्लबका प्रतिनिधिहरुको अर्थपूर्ण सहभागिता गराई बालबालिकाहरुमा हुने शारीरिक तथा मानसिक हिँसा बिरुद्ध समुदाय एवं विद्यालय स्तरमा कार्यक्रम संचालन गरिनेछ।

१९२. आमाबाबु दुबै नभएका एवं विविध कारणहरुले गर्दा आमाबाबुको संरक्षणमा नरही अन्यको संरक्षणमा बाँच्न विवश आमाबाबु बिहीन बालबालिकाहरुको यकिन गरी आमाबाबु बिहीन बालबालिकाहरुलाई आर्थिक सहायता प्रदान गरिनेछ।

**गाउँसभाका सदस्यहरु**,

१९३. ज्येष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरूको ज्ञान, सिप र अनुभवलाई बागमती गाउँपालिकाको समृद्धिका लागि उपयोग गरिनेछ। ज्येष्ठ नागरिकलाई स्वास्थ्य तथा अन्य सेवा सुविधामा छुट र सहुलियत प्रदान गर्न पहल गरिनेछ।

१९४. ज्येष्ठ नागरिक परिचयपत्र सहजरुपमा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

१९५. ज्येष्ठ नागरिकको शारीरिक जाँच लगायतका स्वास्थ्य उपचार निःशुल्क गरिनुका साथै ज्येष्ठ नागरिकहरुको प्रतिकूल स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै टोल-टोल एवं सम्भव भए सम्म घर-घरमा नै गई स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

१९६. गाउँ कार्यपालिकाको कार्यालयमा सेवा लिन आउने ज्येष्ठ नागरिक सेवाग्राहीहरुलाई सहायता कक्षबाट सहजताका साथ सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१९७. गाउँपालिका क्षेत्रभित्र छुवाछुत तथा सामाजिक विभेदलाई पूर्ण रुपमा अन्त्य गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१९८. दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपले सबल एवं सक्षम बनाउन शिक्षा, स्वास्थ्यमा पहुँच अभिवृद्धि गर्दै सोको प्रत्याभूति गरिनुका साथै रोजगारी सिर्जना, गरिबी निवारणमा टेवा पुर्याउने हेतुले **"उत्पादनमा आधारित दलित समुदाय परिचालन कार्यक्रम"** कार्यान्वयनका लागि सचेतना, आधारभूत सिप प्रदान, सहुलियतपूर्ण कर्जा प्राप्तिका लागि सहजीकरण, बीउ पुँजी प्रदान, प्रविधि हस्तान्तरण लगायतका विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१९९. दलित समुदायको परम्परागत पेशा, कला, तथा सीप संरक्षण सम्बर्द्धन गर्दै आधुनिकीकरण र व्यवसायीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

२००. बागमती गाउँपालिकाका आदिवासी जनजाति समुदायको भाषिक, साँस्कृतिक तथा मौलिक पुख्यौली ज्ञान, सिप, मूल्यमान्यता, परम्पराको संरक्षण एवं प्रवर्द्धन

गर्ने नीति अबलम्बन गरिनेछ। आदिवासी जनजातिको मौलिक संस्कृति संरक्षणका लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयनमा ल्याईनेछ।

२०१. आदिवासी जनजाति अधिकार सँग सम्बन्धित अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धीको बुँदा नं. १६९ र संयुक्त राष्ट्रसंघीय घोषणा पत्रका प्रावधानलाई स्थानीयकरण गरी कार्यान्वयनमा ल्याइनेछ।

२०२. आदिवासी जनजातिहरुको सामाजिक तथा आर्थिक मूलप्रवाहीकरणका लागि तालिम, कोचिङ, सीप विकास, नेतृत्व विकास जस्ता कार्यक्रमहरुमा सबैको सहभागिता सुनिश्चितता गरिने नीति अबलम्बन गरिनेछ।

२०३. आदिबासी जनजातिहरुको भाषा तथा लिपि विकास एवं संरक्षणको प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिने नीतिलाई निरन्तरता दिईनेछ।

२०४. अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरणसँगै सहज र सम्मानपूर्ण जीवन सुनिश्चित गर्न पहल गरिनेछ। उनीहरूलाई स्वरोजगार तथा रोजगारमुखी कार्यक्रम मार्फत आत्मनिर्भर बनाइन पहल गरिनेछ।

२०५. बर्गीकरणको आधारमा **"ग"** तथा **"घ"** बर्गको परिचयपत्र प्राप्त अपांगता भएका ब्यक्तिहरुको लागि सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी कार्यक्रम संचालन गरी त्यस्ता वर्गलाई स्वावलम्बी बनाउने नीतिलाई निरन्तरता दिईनेछ।

२०६. अपाङ्गता भएका ब्यक्तिहरुको लगत राखि गाउँपालिकास्तरीय अपाङ्गताको क्षेत्रमा कार्य गर्ने संघ-संस्थाको क्षमता विकास गरिनेछ।

२०७. अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई सहज रुपमा परिचयपत्र उपलब्ध गराउनको लागि घर-घरमा नै गई अपाङ्गता परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाईनुका साथै स्वास्थ्य जाँच गरी स्वास्थ्य सेवा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाई सहज रुपमा कार्यविधि अनुरुप परिचयपत्र उपलब्ध गराइनेछ।

२०८. अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ।

२०९. गाउँपालिका अन्तर्गतका हरेक भौतिक संरचना निर्माण गर्दा अपाङ्गतामैत्री संरचनाहरुको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

२१०. अपाङ्गता भएका व्यक्तिहरुको लागि नाँपजाँच सहित न्यूनतम सहायता सामग्री एवं खास प्रकारका स्वास्थ्य तथा सरसफाई सामग्रीहरु नियमित र निःशुल्क उपलब्ध गराउन पहल गरिनेछ।

२११. बागमती गाउँपालिकामा बसोबास गर्ने लोपोन्मुख, अति सिमान्तकृत, सिमान्तकृत लगायतका पिछडिएका जातिको समग्र विकासका लागि आवश्यक पहल गरिनेछ।

२१२. लोपोन्मुख, सीमान्तकृत जाति/जनजातिको क्षमता विकास र स्रोत साधनहरुमा पहुँच अभिवृद्धि गरी जीवनस्तर माथि उकास्ने नीति अवलम्बन गरिनेछ।

२१३. लोपोन्मुख, सीमान्तकृत जाति/जनजातिका युवाहरुको क्षमता विकासका लागि व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरिनेछ।

२१४. गैरसरकारी संघ-संस्थालाई विकास साझेदारी संस्था र सरकारको सहयोगीको रुपमा लिई गैरसरकारी संघ-संस्थाका कार्यक्रमहरुलाई गाउँपालिकाको बार्षिक योजना तथा कार्यक्रममा समावेश गरी कार्यान्वयनमा ल्याइनेछ।

२१५. गैरसरकारी संघ-संस्थाहरुले कार्यक्रम निर्माण गर्दा गाउँपालिकाले अवलम्वन गरेको नीति तथा कार्यक्रमहरुलाई सहयोग पुग्ने खालका कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ। गैरसरकारी सङ्घ-संस्थालाई गाउँपालिकाको प्राथमिकताको क्षेत्रमा परिचालन गरी पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गरिनेछ।

२१६. गैरसरकारी संघ-संस्थाको समन्वय, सहकार्य र साझेदारीमा बागमती गाउँपालिकाका क्षेत्रगत विकाससँग सम्बन्धित योजना तथा कार्यक्रम संचालनमा ल्याइ प्रभावकारी कार्यान्वयन गरिनेछ।

२१७. खानेपानी मुहानको संरक्षण एवं संवर्द्धन गर्दै खानेपानीको परीक्षण गर्ने व्यवस्था मिलाइ स्वस्च्छ र सफा खानेपानी उपलब्ध गराउने व्यवस्था मिलाईनेछ। खानेपानी, सरसफाई तथा स्वच्छताको प्रत्याभूतिका लागि सङ्घीय सरकारको सहकार्यमा WASH PLAN तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

२१८. स्वाच्छ र सफा खानेपानीको सहज पहुँच स्थापित गर्न विभिन्न गैरसरकारी संघ-संस्थाहरुसँग सहकार्य एवं साझेदारी गरिनेछ।

२१९. गाउँपालिका अन्तर्गतका खानेपानी आयोजनाहरुको योजनावद्ध रुपमा निर्माण कार्य अगाडि बढाई पुराना खानेपानी आयोजनाहरुको समेत नियमित मर्मत-संम्भार गरी व्यवस्थित ढंगबाट संचालन गरिनेछ।

२२०. **"हाम्रो पानी, हाम्रो योजनाः समृद्ध बागमतीको सपना"**::**"शुद्ध पानी, दिगो विकासः बागमती गाउँपालिकाको विश्वास"** भन्ने नारालाई सार्थक तुल्याइ बागमती गाउँपालिकाको करिब १२००० जनसंख्यालाई खानेपानीको पहुँच स्थापित गर्न बागमती गाउँपालिकाको महत्वपूर्ण योजनाको रुपमा रहेको गुन्द्रुक खोला खानेपानी आयोजनाको दिगो एवं भरपर्दो तवरले प्रभावकारी कार्यान्वयन गरिनेछ।

**गाउँसभाका सदस्यहरु**,

२२१. पूर्वाधार विकासलाई प्राथमिकतामा राखि **"समृद्धिको आधारः प्राथमिकतामा दिगो पूर्वाधार"** भन्ने नारालाई व्यवहारतः कार्यान्वयनमा ल्याइनेछ।

२२२. बागमती गाउँपालिकाको समुन्नतिको महत्वपूर्ण आधार भौतिक पूर्वाधारको विकास रहेकोले गाउँपालिकाको समग्र भौतिक पूर्वाधार क्षेत्रको एकीकृत र सुव्यवस्थित विकासका लागि वृहत् गुरुयोजना निर्माण गरी प्राथमिकताका आधारमा वार्षिक योजनासँग तादाम्यता कायम गर्दै भौतिक पूर्वाधार विकासका आयोजना कार्यान्वयनमा ल्याईनेछ।

२२३. बागमती गाउँपालिकाको विकास र समृद्धिमा हातेमालो गर्नका लागि सार्वजनिक निजी साझेदारी (PPP) मोडेललाई अग्राधिकार सहित प्राथमिकता दिइनेछ। सामुदायिक एवं सहकारी क्षेत्र र उपभोक्ता समितिहरुको समेत प्रभावकारी परिचालन गरिनेछ।

२२४. निर्मित पूर्वाधारहरुको नियमित मर्मत सम्भार, सञ्चालन, संरक्षण एवं सम्बर्द्धन गर्न मर्मत सम्भार कोष स्थापना गरी कार्यान्वयनमा ल्याईनेछ।

२२५. बागमती गाउँपालिकाको विकास र समृद्धिका लागि महत्वपूर्ण भूमिका खेल्ने राइगाउँ क्यान्टिन सडक र गुर्दुम कुटीभकारी सडक निर्माण एवं स्तरोन्नतिको

कार्य प्रदेश सरकारसँगको समपूरक लागत साझेदारीमा कार्यान्वयनमा ल्याईनेछ।

२२६. उपभोक्ता समिति मार्फत सञ्चालन हुने हरेक पूर्वाधार निर्माणका कार्यक्रमहरुमा उपभोक्ता समितिले अनिवार्य रुपमा कुल लागतको न्यूनतम १० प्रतिशत हिस्सा व्यहोर्नु पर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

२२७. गाउँपालिका अन्तर्गतका महत्वपूर्ण एवं गौरवका आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी आवश्यक वजेटको व्यवस्थापनका लागि पहल गर्दै कार्यान्वयनमा ल्याईनेछ।

२२८. बागमती गाउँपालिकाको सडकको वर्तमान अवस्थाको विश्लेषण गर्दै भावी दिनमा सडक पूर्वाधारको दिगो र भरपर्दो विकासको लागि गाउँपालिका यातायात गुरुयोजना (MTMP) निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ। गाउँपालिकामा थप नयाँ ट्र्याक खोली सडक निर्माण कार्य गर्ने भन्दा पनि भइरहेको सडकको स्तरोन्नति र सुदृढीकरणका लागि प्राथमिकता दिइनेछ।

२२९. बागमती गाउँपालिकामा निर्मित पूर्वाधारहरुको गुणस्तर परीक्षण एवं परिमाण यकिनका लागि आधुनिक प्रविधिहरुको प्रयोग गरी नियमन गरिनेछ।

२३०. **"हाम्रो बागमतीः राम्रो बागमतीः उज्यालो बागमती"** भन्ने मूल नाराका साथ गाउँपालिका उज्यालो अभियानलाई कार्यान्वयन गर्न सङ्घीय सरकार र प्रदेश सरकारको सहकार्यमा सबै वडाका नागरिहरुमा विद्युतीय पहुँच पुर्याइनेछ।

२३१. **"बागमतीको विशिष्टताः सहज, सुरक्षित र भरपर्दो सडक यातायात सेवाको सुनिश्चितता"** भन्ने गाउँपालिकाको दीर्घकालीन सोचलाई कार्यान्वयन गर्न सङ्घ तथा प्रदेश सरकारसँगको समन्वय, सहकार्य एवं साझेदारीमा पालिका स्तरीय पक्की सडक निर्माण र स्तरोन्नतिका कार्यहरु प्रभावकारी रुपमा अगाडि बढाईनेछ।

२३२. बागमती गाउँपालिकाका वडा कार्यालयहरुको केन्द्र सम्म पुग्ने सडक आगामी ४ बर्ष भित्र पक्की सडकको रुपमा स्तरोन्नति गरिनेछ। गाउँपालिका क्षेत्रभित्र पक्की सडक निर्माण गर्दा स्वदेशमा उत्पादित सिमेन्टको प्रयोग गरिनुका साथै ढुंगा, गिट्टी, बालुवा लगायत स्थानीय नदीजन्य पदार्थको उपयोग गरिनेछ।

२३३. **"नियमित मर्मत सम्भारः दिगो सडकको आधार"** भन्ने नारालाई साकार पार्न बागमती गाउँपालिका अन्तर्गतका ग्रामीण सडकहरुको स्तरोन्नति एवं दिगोपनाको लागि आवश्यक स्रोत साधनको व्यवस्थापन मार्फत गाउँपालिका अन्तर्गतका यन्त्र उपकरणहरुको आवश्यकताको आधारमा समुचित प्रयोग गरी वडा, टोल विकास संस्था, सम्बन्धित उपभोक्ता एवं आम नागरिकको समन्वयमा प्राविधिक पुष्ट्याई तथा लागत अनुमानको आधारमा बागमती गाउँपालिकाको ग्रामीण सडकहरुको निरन्तर स्तरोन्नति तथा मर्मत सम्भार गरी बाह्रै महिना सवारी साधन चल्न सक्ने व्यवस्था मिलाईनेछ।

२३४. गाउँपालिका यातायात सडक गुरुयोजनाले निर्दिष्ट गरे बमोजिमका सडकहरुको रेखाङ्कन तथा सीमाङ्कन गरी विस्तृत परियोजना प्रस्ताव तयार पारी त्यस्ता सडकहरु प्राथमिकताको आधारमा क्रमशः निर्माण गर्दै लगिनेछ।

२३५. स्थानीय सडकहरुको निर्माण, उपयोग गर्दा वातावरणीय सन्तुलन एवं प्रभावलाई ध्यान दिइनेछ र आवश्यकताको आधारमा निश्चित रकमको निश्चित संख्यामा वृक्षारोपण गर्नु पर्ने व्यवस्था मिलाई कार्यान्वयन गरिनेछ।

२३६. सडक पूर्वाधारलाई दिगो, भरपर्दो र टिकाउ बनाइनेछ। नयाँ सडक ट्र्याक निर्माण वा रु. ३ लाख भन्दा कम बजेट विनियोजन गरिएको योजना वाहेक अन्य योजनाहरु कार्यान्वयन गर्दा ६०% स्ट्रक्चर निर्माण र ४०% ट्र्याक खोल्ने कार्यमा वजेट खर्च गरिनेछ। नयाँ सडक निर्माणको हकमा आवश्यकता अनुसार स्ट्रक्चर र ट्र्याक निर्माण गरिनेछ।

२३७. गाउँपालिकाको स्थानीय सडक, रणनीतिक सडक, कृषि सडकहरुको वर्गीकरण गरी सडक सञ्जाललाई व्यवस्थित गरिनेछ। साथै आधुनिक कृषि प्रवर्द्धनको लागि कृषि सडक निर्माण र विद्युत लाइन विस्तारलाई प्राथमिकता दिइनेछ।

२३८. गाउँपालिका क्षेत्रभित्र झोलुङ्गे पुलको आवश्यकता पहिचान गरी निर्माण गर्न सम्वन्धित निकायमा पहल गरिनेछ।

२३९. सडक यातायातलाई सहज र आरामदायी बनाउन सडक छेउमा शौचालय सहितको प्रतिक्षालय निर्माणको कार्यलाई प्रथमिकता दिईनेछ।

२४०. हरित सहरलाई प्रवर्द्धन गर्न सडक छेउमा यातायात संचालनमा असर नपर्ने गरी बृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ।

२४१. स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाउँपालिका क्षेत्र भित्रका भवन निर्माण कार्यलाई व्यवस्थित गरिनेछ। राष्ट्रिय भवन संहिता, २०६०, बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ तथा भवन निर्माणको नमूना मापदण्ड, २०७१ लाई पालना गराउँदै गाउँपालिका क्षेत्रमा व्यवस्थित बस्ती विकास गरिनेछ र भवन निर्माण गर्दा अनिवार्य रुपमा आफ्नो जग्गामा कम्तीमा ५ वटा बिरुवा रोप्नु पर्ने कार्यलाई अनिवार्य गरिनेछ।

२४२. बागमती गाउँ कार्यपालिकाको निर्माणाधीन प्रशासकीय भवन निर्माणका लागि साझेदारी गर्नुपर्ने बजेटको सुनिश्चित गरिनेछ। प्रशासकीय भवनको संरचना GESI मैत्री बनाई गाउँ कार्यपालिकाको कार्यालयबाट प्रवाह गरिने सेवालाई नागरिकमैत्री बनाईनेछ।

२४३. सङ्घीय तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा व्यवस्थित सहरीकरणको लागि Land Use Map तयार पारी व्यवस्थित सहरीकरणको कार्य अगाडि बढाइनेछ। एकीकृत एवं व्यवस्थित आवास तथा सहरीकरणको लागि भूमिलाई आवास, कृषि, वन लगायतका क्षेत्रमा वर्गीकरण गरी आवास क्षेत्रमा मात्र भवन निर्माणको लागि इजाजत दिइनेछ।

२४४. **"बागमतीको रहरः आकर्षक सहर"** भन्ने मूल नाराका साथ मदन भण्डारी राजमार्ग दायाँ-बायाँ निर्माण हुने घर तथा अन्य सहरोन्मुख बस्तीहरुमा समेत पहिचान एवं पर्यटकीय हिसाबले हरेकको ध्यानाकर्षण गर्न र सुन्दर सहरको निर्माणका लागि एकरुपता कायम गर्दै एउटै डिजाईन एवं रंगरोगनमा घर तथा बस्ती निर्माणलाई कार्यान्वयनमा ल्याईनेछ।

२४५. **"एकीकृत बस्ती, समृद्ध सहरको नीति"** अन्तर्गत दिगो आर्थिक वृद्धिका लागि भौतिक पूर्वाधारका क्षेत्रमा सार्वजनिक तथा निजी लगानीलाई प्रवर्द्धन गर्दै एकीकृत बस्ती विकास गुरुयोजना तर्जुमा गरी गाउँपालिका भित्रका सम्भावित

सहर तथा बजार केन्द्रहरुमा मौलिक पहिचान सहितको व्यवस्थित सहरी पूर्वाधार निर्माण गरिनेछ।

२४६. हाल सम्म पनि केन्द्रीय विद्युत प्रशारण लाईन नपुगेका गाउँपालिका बस्तीहरुमा सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरी यथाशीघ्र प्रशारण लाईन पुर्याइ बागमती गाउँपालिकाको आम नागरिकहरुमा सतप्रतिशत विद्युतको पहुँचको प्रत्याभूति गरिनेछ। साथै गत विगतका दिनहरुमा बागमती गाउँपालिका क्षेत्र भित्र देखा परेको विद्युतको न्यून Voltage अपूर्तिको समस्यालाई गाउँपालिकाको अग्रसरतामा समाधान गरिनेछ। विद्युतको गुणस्तरीय आपूर्तिका लागि पहल गरिनेछ।

२४७. नवीकरणीय उर्जाको प्रयोग एवं प्रवर्द्धन, विद्युतीय चुल्होको पहुँचमा अभिबृद्धि गर्दै एल.पि.जि. ग्यासको प्रयोगमा न्यूनीकरण गरिनेछ।

२४८. विद्युतीय सवारी साधनको प्रयोग र प्रवर्द्धनका लागि विद्युतीय सवारी साधनलाई पहिलो प्राथमिकता दिइ विद्युतीय सवारी साधन खरिद गरी उपयोगमा ल्याउन आम सरोकारवाला एवं नागरिकहरुलाई आह्वान गर्दै आवश्यक सहजीकरण गरिनेछ।

२४९. विद्युतीय सवारी साधनलाई प्रवर्द्धनका लागि चार्जिङ्ग स्टेशन लगायतका आवश्यक पूर्वाधार निर्माण गर्न गाउँपालिकाले विशेष पहल गर्नेछ।

२५०. सार्वजनिक सेवा प्रसारण संस्थाको सबलीकरण गर्दै आमसञ्चार सामग्री उत्पादन, प्रकाशन र प्रसारणलाई प्रभावकारी बनाइनेछ।

२५१. **"बागमतीका खेत र बारीका गह्राः सधैं हराभरा"** भन्ने नरालाई आत्मसात् गर्दै लिफ्ट सिँचाइ लगायत नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको विकासलाई निरन्तरता दिइनेछ। भूमिगत जलस्रोतको प्रयोग मार्फत सिँचाइ क्षेत्र विकासलाई जोड दिइनेछ।

२५२. साना, मझौला तथा ठूला सिँचाई योजना संचालनको लागि सम्वन्धित निकायसँग समन्वय गरिनेछ। सिँचाईको आधुनिक प्रविधिलाई गाउँपालिकामा भित्र्याइनेछ।

२५३. **"सबै तिर वनः स्वस्थ जीवन"** भन्ने नाराका साथ बाँझो तथा खेर गइरहेको क्षेत्र, सडक र नहरको दायाँबायाँ, खाली रहेको ऐलानी पर्ति जग्गाहरु, पार्क

तथा धार्मिक क्षेत्रहरुमा उपयुक्तताको आधारमा स्थानीयको माग बमोजिम विविध प्रजातिका वृक्षारोपण गरिनेछ। वनक्षेत्रमा रहेका खाली जग्गाहरुमा कृषि वन प्रणाली प्रवर्द्धन गरिनेछ।

२५४. सामुदायिक वन उपभोक्ता समितिसँग सहकार्य एवं साझेदारी गरी वन विनास कार्य रोकथाम गरिनेछ। वृक्षारोपण, वनको डढेलो नियन्त्रण, चरिचरण नियन्त्रण सम्बन्धी नियमनकारी कार्यक्रमहरु संचालन गरिनेछ।

२५५. IEE प्रतिवेदनमा उल्लिखित मापदण्ड, तोकिएको क्षेत्र एवं बिन्दु भन्दा बाहेकका स्थानबाट ढुङ्गा, गिट्टी तथा वालुवा उत्खनन् गर्ने कार्यलाई रोक लगाइनेछ।

२५६. गाउँपालिका क्षेत्र भित्र सबै प्रकारका वनको संरक्षण, प्रवर्द्धन र नियमनका लागि बागमती गाउँपालिकाको वन ऐन, २०८१ को प्रभावकारी कार्यान्वयन गरिनेछ।

२५७. राष्ट्रिय राजमार्ग दायाँ-वायाँ वृक्षारोपण गरी हरियाली सडक सौन्दर्यता वढाउने कार्यलाई निरन्तरता दिईनेछ।

२५८. वातावरणीय नियमहरुको अनुपालन, अनुगमन तथा नियमन गर्नको लागि संस्थागत सुदृढीकरण गरिनेछ। वातावरणीय गुणस्तर सूचक तथा मापदण्डको विकास गरी नियमित मापनको लागि उपयुक्त प्रविधि सहितको संयन्त्र स्थापना गरिनेछ। वातावरण प्रदुषणजन्य सामग्रीको उपयोगमा न्यूनीकरण, पुनर्प्रयोग तथा पुनर्चक्रीकरणका क्रियाकलापहरु अवलम्बन गरिनेछ।

२५९. प्राकृतिक रुपमा उत्पादन भएका विरुवाहरुको संरक्षण गर्दै वृहत् वृक्षारोपण कार्यलाई संचालन गर्ने नीति लिईनेछ।

२६०. बागमती गाउँपालिका अन्तर्गतका सामुदायिक बन उपभोक्ता समितिको अभिलेखीकरण, क्षमता विकास, प्रवर्द्धन, नियमन र नियन्त्रण गरिनेछ। बागमती गाउँपालिकाको विकास र समृद्धिका लागि सामुदायविक वन उपभोक्ता समितिसँग साझेदारीका कार्यक्रमहरु संचालनमा ल्याइनेछ।

२६१. वस्तीस्तरमा हुने आगोलागी र वन जंगल तथा भीर पाखामा लाग्ने डढेलोबाट हुने जनधनको क्षति तथा वातावरणीय प्रदुषण रोक्न सम्बन्धित सरोकारवालाहरुको समन्वयमा विषेश कार्यक्रम संचालन गरिनेछ।

बागमती गाउँपालिका, मकवानपुर

२६२. जैविक विविधता संरक्षण, वृक्षारोपण, हरित उद्यान, नर्सरी स्थापना तथा जैबिक फलफूल खेती प्रवर्द्धन, नवीकरणीय उर्जा प्रविधिहरु प्रवर्द्धन, बन तथा बतावरण संरक्षण लगायतका जलवायु अनुकुलन तथा समुत्थानका कार्यक्रमहरु संचालनमा ल्याइनेछ।

**गाउँसभाका सदस्यहरु,**

२६३. बागमती गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि संचालित स्थानीय आपत्कालीन कार्य संचालन केन्द्र (LEOC) लाई थप सुदृढ एवं व्यवस्थित गरी संचालनमा ल्याईनेछ। विपद्का प्रारम्भिक सूचना प्रणालीलाई व्यवस्थित गरी जिल्ला, प्रदेश तथा सङ्घीय सरकारसँग आवद्ध गराइनेछ। गाउँपालिकाको विपद् व्यवस्थापन योजना निर्माण गरी कार्यान्वनमा ल्याइनेछ।

२६४. गाउँपालिकाको यन्त्र उपकरण व्यवस्थापन अन्तर्गतका हेभी इक्वीपमेन्ट, बारुण यन्त्र (दमकल), नगर प्रहरी भ्यान, एम्बुलेन्स लगायतका गाउँपालिकाका अन्य उपलब्ध सवारी साधनहरुको नियमित मर्मत सम्भार गरी जुनसुकै बखत विपद्को समयमा तुरुन्त उपयोग हुने गरी चालु अवस्थामा राखी संचालनमा ल्याईनेछ।

२६५. बागमती गाउँपालिकाका आम नागरिकहरुलाई विपद् न्यूनीकरणमा सहभागी गराउने हेतुले विपद् स्वयम् सेवक दस्ता निर्माण गरी परिचालन गरिनेछ।

२६६. बनजंगलमा हुने आगलागीजन्य घटनाहरु, करेन्ट, विष्फोटक पदार्थ र विषादी प्रयोग गरी माछा मार्ने कार्यका साथै नदीजन्य पदार्थको चोरी निकासीको नियमन र नियन्त्रण गर्न प्रविधिको प्रयोग गरी निगरानी बढाइनेछ।

२६७. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ। स्थानीय तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिको क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम संचालन गरिनेछ।

२६८. बागमती गाउँपालिकाको विपद् प्रभावित भू-क्षेत्रहरुको पहिचान र सोको नक्सांकन गरी जोखिममा रहेका बस्तीहरुलाई स्थानान्तरण गर्न पहल गरिनेछ।

बागमती गाउँपालिका, मकवानपुर

२६९. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न वडा स्तरीय विपद् व्यवस्थापन समिति र द्रुत प्रतिकार्य टोली (RRT) लाई सक्रिय बनाएर विपद्को पूर्व तयारी, विपद्को अवस्था एवं विपद् पश्चात् अवलम्बन गरिने विपद् व्यवस्थापनका चक्रलाई सचेतताका साथ आवश्यक स्रोत साधनयुक्त बनाइ विपद् व्यवस्थापनको पक्षलाई थप सुदृढ बनाइनेछ।

२७०. विपद् ब्यवस्थापन कोष लाई थप प्रभावकारी र व्यवस्थित रुपमा परिचालन गरिनेछ।

२७१. **"हरेक नागरिकको विपद्माः बागमती गाउँपालिका सरकार छ साथमा"** भन्ने मूल नाराका साथ बागमती गाउँपालिकाका नागरिकहरुलाई सम्भावित विपद्को जोखिमबाट मुक्त गराउन आवश्यक पहल गरिनेछ।

२७२. बागमती गाउँपालिका अन्तर्गतका मुख्य राजमार्ग अन्तर्गतको सडक सुरक्षा, ट्राफिक व्यवस्थापन एवं नियमन, राजमार्ग क्षेत्रमा हुन सक्ने सम्भावित अपराधिक क्रियाकलाप तथा घटनाहरुको नियन्त्रण एवं निगरानीको लागि उच्च क्षमताको सि.सि. क्यामेरा जडान गरिनेछ। साथै बागमती गाउँपालिका अन्तर्गतको मदन भण्डारी राजमार्ग र सहायक मार्गहरुमा ट्राफिक व्यवस्थापनका लागि थप सहयोग एवं सहजीकरण गरिनेछ।

२७३. विपद् व्यवस्थापनका लागि आवश्यक आधुनिक तथा परम्परागत दुबै ज्ञानको अबलम्बन गर्ने नीति लिईनेछ।

२७४. बातावरणको संरक्षण, प्रवर्द्धन र व्यवस्थानका लागि बागमती गाउँपालिकालाई बातावरणमैत्री स्थानीय तह घोषणाका लागि आवश्यक कार्यक्रमहरु संचालनमा ल्याइनेछ।

२७५. बागमती गाउँपालिका वडा नं. ०५ स्थित कोइराला दमारमा सम्भाव्यता अध्ययन गरी बागमती गाउँपालिकाको स्थायी ल्याण्ड फिल साईट निर्माण गरी व्यवस्थित, वैज्ञानिक एवं आधुनिक तवरले फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ।

२७६. आवश्यक एवं औचित्यताको आधारमा सफा र स्वच्छ बागमती गाउँपालिका बनाउन विभिन्न स्थानमा फोहोरमैला व्यवस्थापन सामग्रीको व्यवस्था गरिनेछ।

२७७. बागमती गाउँपालिका अन्तर्गत विभिन्न स्थानहरुमा टोल विकास संस्था निर्माण गरी सशक्त ढंगबाट परिचालन गर्न आवश्यक सहयोग गरी सक्रिय बनाई संघ-संस्थाहरू समेतको समन्वय एवं सहकार्यमा फोहोरमैला सम्वन्धी विभिन्न कार्यक्रम तथा अभियानहरू संचालन मार्फत गाउँपालिकालाई सरसफाईयुक्त गाउँपालिका बनाईनेछ।

२७८. फोहोरमैलाको उचित व्यवस्थापनलाई मध्यनजर गरी फोहोरको स्रोतमा नै अर्गानिक, प्लाष्टिक, सिसाजन्य, कुहिने एवं नकुहिने छुट्टा-छुट्टै बर्गीकरण गरी कुहिने फोहोरलाई अनिवार्य रुपमा सम्बन्धित व्यक्तिले नै व्यवस्थापन गर्नुपर्ने र नकुहिने फोहोरलाई मात्र गाउँपालिकाले उठाई ल्याण्ड फिल साइट सम्म लैजाने व्यवस्था मिलाइनेछ।

२७९. फोहोरमैलाको व्यवस्थापन र सोको नियमनका लागि गाउँपालिकाले निर्धारण गरेको शुल्क उठाउन टोल विकास समितिलाई परिचालन गर्ने नीति लिइनेछ।

२८०. गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य, सरसफाई र स्वच्छताको एवं वातावरणीय दृष्टिकोणले उत्सर्जित प्लाष्टिकजन्य फोहोरको न्यूनीकरण गर्न प्लाष्टिकजन्य वस्तुहरु प्रयोगमा निरुत्साहित गरिने नीति लिईनेछ।

२८१. गाउँपालिकालाई स्वच्छ र सफा गाउँपालिका वनाउन विभिन्न स्थानहरूका साथै विद्यालयहरूमा डसविनको व्यवस्थापन गरिनेछ।

२८२. बागमती गाउँपालिका क्षेत्र भित्रका बजारहरूमा सार्वजनिक शौचालय निर्माण कार्यलाई प्राथमिकता दिईनुका साथै निर्माण भएका सार्वजनिक शौचालयहरुलाई व्यवस्थित तवरले संचालन गरिनेछ।

२८३. सङ्घ, प्रदेश र स्थानीय सरकारले नेपालको संविधानमा भएको संवैधानिक व्यवस्था एवं एकल तथा साझा अधिकार सूचीको प्रयोगमा संरचनागत सुधार गर्दै सुक्ष्म, साना, मझौला र वृहत् नदी जलाधार योजना तयार गरी समन्वयात्मक ढंगबाट विपद् जोखिम न्यूनीकरण गरिनेछ।

२८४. प्रत्येक वडामा कम्तीमा एक वटा रिचार्ज पोखरी निर्माण गर्न प्रोत्साहन गरिनेछ। सुख्खाग्रस्त जलाधार क्षेत्रमा एकीकृत पानीको स्रोत व्यवस्थापन कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ।

२८५. पहिरो नियन्त्रण, विपद् व्यवस्थापन एवं जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्दै जलवायु अनुकुलनयुक्त विकास निर्माण गर्ने कार्यका लागि आवश्यक पहल गरिनेछ।

२८६. सार्वजनिक स्थानहरूमा समि, वर, पिपल जस्ता प्रशस्त अक्सिजन दिने वोट विरूवाहरू रोप्ने कार्यलाई प्राथमिकता दिईनेछ।

२८७. जलवायु परिवर्तनका प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न समुदायको परिचालन मार्फत पर्यावरणको संरक्षण, विकास तथा वातावरणवीच सन्तुलन कायम गर्ने नीति लिईनेछ।

२८८. संघ-संस्था सँगको समन्वय, सहयोग र सहकार्यमा जलवायु परिवर्तन सम्वन्धी विविध कार्यक्रम संचालन गरिनेछ।

२८९. बागमती नदीले वर्षेनी ठूलो मात्रामा धनजन र खेतीयोग्य जमिन नष्ट गर्ने भएको हुँदा सङ्घीय सरकार/प्रदेश सरकारको सहयोगमा उक्त नदीमा वृहत् तटवन्धन कार्यक्रम संचालनमा ल्याइनेछ।

२९०. बागमती गाउँपालिका क्षेत्र भित्रका खहरे खोलाको असरलाई नियन्त्रण गर्न सरोकारवालाहरुसँग समन्वय एवं सहकार्य गरी नियन्त्रण एवं संरक्षण गरिनेछ।

२९१. चौरा खोलाको कारण हुन सक्ने सम्भावित जोखिमलाइ न्यूनीकरण गर्न चौरा खोला करिडोरलाई व्यवस्थित गरिनेछ।

२९२. गाउँपालिका अन्तर्गतका व्यक्तिगत नामनामेसीमा दर्ता भएका जग्गा बाहेकका ऐलानी एवं सार्वजनिक जग्गाको एकीकृत तथ्याङ्क अद्यावधिक गरी उक्त जग्गाको बर्गीकरण, संरक्षण एवं उपयोगमा आवश्यक पहल गरिनेछ।

२९३. गाउँपालिकाले उपयोग एवं प्रयोगमा ल्याएको तथा ल्याउन आवश्यक ऐलानी एवं सार्वजनिक जग्गाको भोगाधिकारका लागि सम्बन्धित निकायमा पहल गरिनेछ।

२९४. गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न खोला र खोल्सीबाट हुन सक्ने सम्भावित जोखिमलाई न्यूनीकरण गर्न आवश्यक तारजालीको व्यवस्थापन गरी सम्वन्धित सरोकारवालाहरू सँगको समन्वयमा कार्यान्वयनमा ल्याईनेछ।

बागमती गाउँपालिका, मकवानपुर

२९५. कर्मचारीहरुको क्षमता विकासका लागि तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ। कर्मचारीहरुको मनोबल उच्च बनाई सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवं नतिजामुखी, पारदर्शी एवं आर्थिक अनुशासन कायम गरिनेछ। कर्मचारीहरुलाई कामप्रति उत्प्रेरित गर्दै प्रोत्साहित गर्न तलभ भत्ता एवं सेवा सुविधामा बढोत्तरी गर्दै लगिनेछ। कार्य कुशलताको आधारमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ। योगदानमा आधारित सामाजिक सुरक्षा कोष, अवकाश कोष, उपदान तथा बीमा कोष खडा गरी कर्मचारीको अवकाश पछिको जीवनलाई खुशी, सुखी र मर्यादित बनाउन पहल गरिनेछ।

२९६. सेवाग्राहीको गुनासो व्यवस्थापनका लागि आवश्यक संयन्त्रको परिचालन गरिनेछ। प्राप्त हुन आएका गुनासाहरुको तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाईनेछ। सेवाग्राहीको चापलाई मध्यनजर गर्दै सेवा प्रवाहलाई चुस्त, प्रभावकारी एवं व्यवस्थित बनाउन आवश्यक सहजीकरण गरी सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

२९७. गाउँपालिका अन्तर्गतका सबै कार्यालयका सेवा प्रवाहमा एकद्वार प्रणाली लागू गरिनेछ। जनगुनासो सम्बोधनका लागि हरेक वडामा गुनासो सुनुवाइको व्यवस्था र मोबाइल गभर्नेन्सको व्यवस्था मिलाईनेछ। गाउँ कार्यपालिकाको कार्यालय एवं मातहतका कार्यालयहरूबाट हुने सेवा प्रवाहको गुणस्तरमा अभिवृद्धि गरिनेछ।

२९८. **"बागमती गाउँपालिकाको सुशासनको आधारः उत्तरदायित्व, जवाफदेहिता, पारदर्शीता र सदाचार"** भन्ने नारालाई गाउँपालिकाको सुशासन कायम गर्ने कडीको रुपमा लिइनेछ।

२९९. सार्वजनिक सेवालाई प्रभावकारी वनाउन **"जनता सुखीः हामी खुसी"** भन्ने नारालाई सार्थक पार्न स्थानीय तहको शासन र प्रशासनिक संयन्त्रलाई सेवामुखी, स्तरीय, विधिसम्मत र जनमैत्री बनाइनेछ।

३००. आम नागरिकको सेवा प्रवाहको अत्यन्तै महत्वपूर्ण प्रथम बिन्दु गाउँ कार्यपालिकाको कार्यालय मातहतका वडा कार्यालय, स्वास्थ्य चौकी कार्यालय,

इकाई तथा सेवा केन्द्रहरुको थप सुदृढीकरण गरी पहिलो प्राथमिकतामा जनशक्तिको व्यवस्थापन र आवश्यक स्रोत साधनको व्यवस्थापन गरिनेछ।

३०१. स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण वमोजिम कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी वनाईनेछ।

३०२. सेवा प्रदायक निकायको दक्षता अभिवृद्धि गरी सेवाप्रति जवाफदेहिता प्रवर्द्धन गरिनेछ। सेवा प्रवाहमा पारदर्शीता र प्रभावकारिता ल्याउन सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण एवं गुनासो व्यवस्थापनका लागि कार्यक्रम आयोजना गरी कार्यान्वयनमा ल्याइनेछ।

३०३. जनताको गुनासो सुनुवाई संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिनेछ। कार्यालयबाट प्रवाह गरिने सेवा प्रवाहलाई सुदृढ गर्न आवश्यक श्रोत तथा साधनको व्यवस्थापन गरिनेछ।

३०४. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय एवं प्रभावकारी बनाउन विद्युतीय शासन प्रणाली अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र सङ्क्षेपीकरण गरिनेछ। गाउँ कार्यपालिकाको कार्यालय एवं मातहतका सबै कार्यालयहरुमा ई-हाजिरी, डिजिटल नागरिक वडापत्र र दिगो इन्टरनेट सेवाको पहुँच स्थापित गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

३०५. बागमती गाउँपालिकाको खर्च प्रणालीलाई पारदर्शी बनाई पुँजीगत खर्चको न्यून अनुपातलाई बढोत्तरी गर्दै पुँजीगत खर्चमा वृद्दि गरिनेछ। गाउँपालिकाको खर्चलाई नतिजामुखी बनाई वित्तीय सुशासन सहितको जबाफदेहिता र उत्तरदायित्व प्रवर्द्धन गरिनेछ।

३०६. **"समुन्नत समाजका लागि सूचना तथा सञ्चार"** भन्ने अवधारणाका साथ सञ्चार क्षेत्रको विकासको लागि कानुनी तथा कार्यक्रमगत प्रबन्ध गरिनेछ। श्रमजीवि पत्रकारहरुको नयूनतम सेवा सुविधा र सामाजिक सुरक्षाको प्रत्याभूति गराउन आवश्यक पहल गरिनेछ।

३०७. सङ्घीय सरकार, प्रदेश सरकार अन्तर्गतका कार्यालयहरुबाट कार्यान्वयन गरिने योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न पालिकाको तर्फबाट आवश्यक समन्वय, सहयोग तथा सहजीकरण गरिनेछ।

३०८. सङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त कार्यक्रम तथा बजेट एवं अन्य सरोकारवाला निकायबाट प्राप्त कार्यक्रम तथा बजेटको समन्वयात्मक तवरले प्रभावकारी कार्यान्वयनमा सहयोग गरिनेछ।

३०९. विद्युतीय सुशासनलाई अभिवृद्धि गर्न विद्युतीय प्रणाली मार्फत गाउँ कार्यपालिकाको कार्यालय एवं मातहतका कार्यालयबाट प्रदान गरिने सेवालाई क्रमशः अफिस अटोमेशन पद्दतिमा आवद्ध गराई कार्यान्वयनमा ल्याइनेछ।

३१०. गाउँ कार्यपालिकाको कार्यालयबाट प्रवाह गरिने सेवालाई चुस्त, प्रभावकारी र नागरिकमैत्री बनाउन तीन लाखसम्मको योजनाहरु वडा तहबाट नै सम्झौता गरी कार्यान्वयनमा ल्याइएकोमा उक्त कार्यलाई निरन्तरता दिइनेछ।

३११. बागमती गाउँपालिकालाई सूचना तथा संचार प्रविधिमैत्री गाउँपालिकाको रुपमा विकास गर्नका लागि बागमती गाउँपालिकाका नागरिकहरुमा आधारभूत रुपमा सूचना प्रविधिको पहुँच स्थापित गर्न वडाका विभिन्न आवश्यक पर्ने स्थानहरुमा नेपाल टेलिकमको टावर स्थापना गर्न आवश्यक पहल गरिनेछ।

३१२. गाउँ कार्यपालिकाको कार्यालयबाट प्रदान गरिने सेवालाई सरल, छिटो, छरितो र अनुमानयोग्य बनाउन तथा सेवा प्रवाहलाई गुणस्तरीय ढंगले सम्पादन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

३१३. योजना तथा कार्यक्रमको परिणामुखी तवरले प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना (MTEF) र बार्षिक नीति, कार्यक्रम तथा बजेटको बीचमा तादाम्यता मिलाई कार्यान्वयनमा ल्याइनेछ।

३१४. राष्ट्रिय परिचयपत्र र व्यक्तिगत घटना दर्ताका विवरणमा एकरुपता ल्याउन बागमती गाउँपालिकाको पुराना व्यक्तिगत घटना दर्ताका अभिलेखलाई डिजिटल अभिलेखमा रुपान्तरण गरिनेछ।

३१५. बागमती गाउँपालिकाको क्षमता विकास योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

३१६. योजना तथा नीति निर्माणका लागि तथ्याङ्क प्रणालीलाई भरपर्दो र प्रभावकारी बनाइनेछ।

३१७. सुशासन, पारदर्शिता र जवाफदेहीताको प्रवर्द्धनका लागि सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी सेवाग्राहीको मत अनुसार गुणस्तरीय सेवा प्रवाहको व्यवस्था मिलाइनेछ।

३१८. बागमती गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र नागरिकहरुबीच **"सबैसँग मित्रताः छैन कसैसँग शत्रुता"** भन्ने अभिप्रायले आपसी समझदारी र हार्दिकताका साथ नागरिकमैत्री सेवा प्रवाहको प्रबन्ध मिलाइनेछ।

३१९. आर्थिक रुपमा कमजोर नागरिकहरुलाई गाउँपालिकाले लिने गरेको शुल्क एवं दस्तुरमा न्यून गरी सहुलियत प्रदान गरिनेछ। करको दरलाई न्यून गरी दायरा फराकिलो बनाई मितव्ययी तवरले कर संकलन गर्ने व्यवस्था मिलाईनेछ।

३२०. आन्तरिक राजश्वलाई बढोत्तरी गर्न करका विभिन्न सम्भाव्य क्षेत्रहरुको पहिचान गर्न राजश्व सुधार योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

३२१. आर्थिक अनुशासन कायम गर्दै वित्तीय सुशासन प्रवर्द्धन गर्न आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन मार्फत नियमन गरिनेछ।

३२२. बार्षिक खरिद गुरुयोजना, बार्षिक खरिद योजना लगायतका वित्तीय सुशासनका औजारहरुको प्रयोग गरी योजनावद्ध तवरले वित्तीय उत्तरदायित्वलाई बढवा दिईनेछ।

३२३. सङ्घ तथा प्रदेश सरकारबाट प्रशासनिक, आर्थिक एवम् राजस्व सुधारका सन्दर्भमा भएका अध्ययन प्रतिवेदनहरुको सुझाव र सिफारिसहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। राजस्व चुहावट नियन्त्रण गर्न डिजिटल प्रविधिको प्रयोग गर्दै सरोकारवाला निकायहरुसँग समन्वय गरिनेछ।

३२४. अत्यावश्यक वाहेकका शीर्षकमा खर्च नियन्त्रण गर्दै साधन-स्रोतको उपयोग गर्दा मितव्ययिता अपनाईनेछ। सम्भावित फजुल खर्चलाई व्यापक कटौती गरिनेछ।

३२५. गाउँपालिका अन्तर्गतका सरकारी र सार्वजनिक चल-अचल सम्पत्तिको एकीकृत तथ्यांक संकलन गरी अभिलेख तयार गरी सोको सदुपयोग र संरक्षण गरिनेछ। आर्थिक पारदर्शीता, वित्तीय अनुशासन र बेरुजु फस्यौंटलाई अझ प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ।

३२६. बागमती गाउँपालिकाको आन्तरिक राजश्व क्षमता अभिवृद्धि गर्न प्रचलित कानुन अनुसार गाउँपालिका अन्तर्गतका निजी जग्गाबाट उत्खनन्का क्रममा प्राप्त हुने ढुंगा, माटो एवं नदीजन्य पदार्थको उपयोग बापत शुल्क लिने व्यवस्था मिलाई करको दायरामा ल्याइनेछ।

३२७. लेखापरीक्षणको क्रममा औंल्याइने गाउँपालिकाको वेरुजुलाई न्यून गर्दै शून्य बेरुजु तर्फ उन्मुख हुन गाउँपालिका मातहतका सबै सरोकारवाला संयन्त्रको प्रभावकारी परिचालन गरिनेछ।

३२८. गाउँपालिकाको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाह मार्फत गाउँपालिकाको समग्र विकासमा परेको प्रभाव र योगदानको लेखाजोखा, विश्लेषण एवं मूल्यांकन गर्न सामाजिक परीक्षण कार्यलाई कार्यान्वयनमा ल्याईनेछ।

३२९. योजना तथा कार्यक्रम कार्यान्वयन स्थलमा सरोकारवालाहरुको अर्थपूर्ण उपस्थितिमा सार्वजनिक लेखापरीक्षण (Public Audit) गर्ने व्यवस्था मिलाईनेछ।

३३०. उपभोक्ता समितिबाट सम्पादन गरिने कामको गुणस्तरको सुनिश्चितता, प्रक्रियागत त्रुटिको न्यूनीकरण गर्दै सेवा प्रवाहमा सरलीकृत गर्न र उपभोक्ता समितिको काममा औंल्याईने बेरुजुको न्यूनीकरणका लागि उपभोक्ता समितिलाई अभिमुखीकरण गरिनेछ।

३३१. **"हामीले तिर्ने करः बागमतीको विकास र समृद्धिको भर"** भन्ने नाराकासाथ बागमतीका आम करदाताहरुलाई करको दायरामा ल्याउन करदाता शिक्षा कार्यक्रम संचालनमा ल्याईनेछ। गाउँपालिकाको आन्तरिक राजश्वलाई बढोत्तरी गर्न कानुनतः सबैलाई करको दायरामा ल्याइ बढी कर तिर्नेलाई सम्मान गर्दै कर तर्न प्रोत्साहित गरिनेछ। महिला उद्यमी एवं व्यवसायीहरुलाई प्रोत्साहन गर्न करमा सहुलियत दिइनेछ।

३३२. गाउँपालिकाका हेभी इक्वीपमेन्ट लगायतका यन्त्र उपकरण एवं गाउँपालिकाका अन्य मेशिनरी औजार तथा साधनहरुलाई भाडामा दिने प्रयोजनका लागि अग्रिम ५० प्रतिशत धरौटी बापतको रकम दाखिला गर्नु पर्ने व्यवस्था मिलाईनेछ।

बागमती गाउँपालिका, मकवानपुर

**गाउँसभाका सदस्यहरु**,

३३३. न्याय सम्पादनलाई व्यवस्थित बनाउन कार्यतालिका बनाइ न्यायिक छलफलको व्यवस्था मिलाईनेछ। न्यायिक समितिबाट सम्पादन गरिने सेवा प्रवाहलाई चुस्त एवं प्रभावकारी बनाइनेछ। न्याय प्रणालीलाई विश्वसनीय बनाउन र सुधार गर्न अध्ययन अनुसन्धानमा जोड दिई न्यायिक समितिको क्षमता अभिवृद्धि गरिनेछ।

३३४. स्थानीय विवादलाई मेलमिलापको माध्यमबाट निरुपण गर्न मेलमिलाप केन्द्रको सुदृढीकरण गरी क्रियाशील बनाइनेछ। प्रत्येक वडामा मेलमिलाप केन्द्रको कार्यकक्ष स्थापना गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

३३५. गरिब, असहाय तथा पछाडि परेको समुदायको लागि निःशुल्क कानुनी परामर्श सेवाको व्यवस्था मिलाईनेछ।

३३६. न्यायिक समितिले निरुपण गर्ने विवादहरुमा सन्दर्भमा जनस्तरमा प्रचार-प्रसारका लागि कार्यक्रमहरु निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

३३७. बागमती गाउँपालिका क्षेत्रभित्र सङ्घ र प्रदेश सरकारका कार्यालयहरु मार्फत कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरु अनिवार्य रुपमा बागमती गाउँपालिकाको प्रत्यक्ष निगरानीमा कार्यान्वयन हुने व्यवस्था मिलाईन आवश्यक पहल गरिनेछ। साथै योजना तथा कार्यक्रमको औचित्य, कार्यान्वयन पश्चात् प्राप्त हुने प्रतिफल, दोहोरोपना, गुणस्तर नियन्त्रण, नागरिकको हित, सुविधालाई समेत ध्यानमा राखी योजना तथा कार्यक्रमहरुको कडाईकासाथ नियमन गरिनेछ।

३३८. समान प्रकृति, लक्ष्य एवं उद्देश्य, आवश्यकता र नतिजा तथा प्रतिफलको हिस्सेदारी हुने गरी अन्तर स्थानीय तहहरु बीचमा आपसी संचार, समन्वय, सहकार्य एवं साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालनमा ल्याईनेछ।

३३९. **"सिंहदरबारको अधिकार गाउँगाउँमाः बागमती गाउँपालिका सरकार नगरिकको घरघरमा"** भन्ने मूल अभिप्रायलाई कार्यान्वयन गर्न नागरिकको सबैभन्दा नजिकको, घरआँगनको, नागरिकको दैनिक जनजीवनका समस्यामा तत्काल मलमपट्टी लगाउने सरकार, मेरो जनप्रतिनिधि मेरो सरकार, मेरो अभिभावक भन्ने

नागरिकको भावलाई प्रत्याभूत गर्न बागमती गाउँपालिका अन्तर्गतका विपन्न नागरिकहरु जो दिगो एवं सुरक्षित आवासको पहुँचबाट बाहिर छन् उनीहरुका लागि सङ्घ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी सुरक्षित नागरिक आवास कार्यक्रम संचालनमा ल्याईनेछ।

३४०. सन् २०१५ देखि २०३० सम्मका लागि निर्धारित दिगो विकासका १७ वटा लक्ष्यहरु हासिल गर्न दिगो विकास लक्ष्य प्राप्तिमा बागमती गाउँपालिकाको उपलब्धिको समीक्षा गरिनेछ।

३४१. संविधानतः एवं कार्यविस्तृतीकरण प्रतिवेदनमा उल्लिखित स्थानीय तहको अधिकार कार्यान्वयनमा विशेष जोड दिँदै साझा अधिकारको कार्यान्वयनमा समन्वय र सहकार्य गरिनेछ।

३४२. आयोजना छनौट पद्धतिलाई व्यवस्थित, पारदर्शी, अनुमानयोग्य बनाई बजेट निर्माण तथा कार्यान्वयन प्रक्रियामा अनुशासन कायम गर्न गाउँपालिकामा आयोजना बैंक स्थापना गरी कार्यान्वयनमा ल्याईनेछ।

३४३. आर्थिक रुपले पछाडि परेका बर्ग तथा समुदायलाई उत्पादन र स्थानीय रोजगारी सँग आवद्ध गराई जीवनस्तरलाई माथि उकासी आत्मनिर्भर बनाउन **"विपन्न सँग बागमती गाउँपालिका सरकार"** अभियान कार्यान्वयनमा ल्याईनेछ।

३४४. सडक सुरक्षा एवं सडक सौन्दर्यतालाई मध्यनजर गर्दै बागमती गाउँपालिका क्षेत्रभित्र पर्ने मदन भण्डारी राजमार्ग सडकको दायाँ-बायाँ Right of Way भित्र निर्मित संरचनाहरु हटाउन पहल गरिनेछ।

३४५. श्रमप्रति सम्मान गर्दै बागमती गाउँपालिकाको हरेक विकासात्मक क्रियाकलापहरुमा आम सरोकारवालाहरुको सक्रिय सहभागिता मार्फत अपनत्व अभिवृद्धि गर्न बागमती गाउँपालिका सरकार, स्थानीय राजनीतिक दल, समाजसेवी, बुद्धिजीवी, कानुन विज्ञ, विषयगत विज्ञ एवं संघ-संस्थाहरुको साथ र सहयोगमा गाउँपालिकाले आवश्यक स्रोत साधनको समुचित व्यवस्थापन गरी वृहत् जनश्रमदानका अभियानहरु संचालनमा ल्याइनेछ।

३४६. लागुऔषध दुर्व्यसन, आत्महत्या दुरुत्साहन, साइवर अपराध लगायत समाजमा घट्ने अपराध नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ।

बागमती गाउँपालिका, मकवानपुर

३४७. बागमती गाउँपालिका अन्तर्गतका सरकारी संरचना एवं सरकारी अनुदान प्राप्त अन्य संरचना निर्माण गर्दा स्वदेशमा उत्पादन भएका काठको उपयोगलाई प्रोत्साहित गरिनेछ।

३४८. बागमती गाउँपालिकाको सार्वजनिक सम्पत्तिको वडागत अभिलेख राखी संरक्षण, संवर्द्धन र उपयोगमा विशेष ध्यान दिईनेछ।

**अन्त्यमा,**

बागमती गाउँपालिकाको समग्र विकास र समृद्धिको लागि यो नीति तथा कार्यक्रमले अंगिकार गरेका विषयहरुको कार्यान्वयन महत्वपूर्ण हुनेछ। नेपालको संविधानले आत्मसात् गरेका मूल्य, मान्यता र परिकल्पना, दिगो विकासको लक्ष्य, नेपाल सरकारको १६ औं आवधिक योजना, बागमती प्रदेश सरकारको आवधिक योजना, नेपाल सरकार तथा बागमती प्रदेश सरकारको बार्षिक नीति, कार्यक्रम तथा बजेट र यस गाउँपालिकाको आवधिक योजना एवं मध्यमकालीन खर्च संरचना मुताविक यहाँका आम जनसमुदायबाट प्रकट भएका भावनाहरुलाई यस नीति तथा कार्यक्रमले समेटेको छ। आगामी बजेटबाट नीति तथा कार्यक्रममा व्यक्त प्रतिवद्धतालाई समेट्ने विश्वास लिएको छु। यो नीति तथा कार्यक्रम समुन्नत गाउँपालिकाको खाका सहित कार्यान्वयन योग्य दस्तावेजको रुपमा रहनेछ। नीति तथा कार्यक्रमका लागि सुझाव दिनुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु, बुद्धिजीवी, विषय विज्ञ, कानुन विज्ञ समाजसेवी र कर्मचारी एवं अन्य सरोकारवालाहरु सबैमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु।

**धन्यवाद !**

**मितिः २०८३/०३/०५ गते**

**सर्केश घलान**
**गाउँपालिका अध्यक्ष**